# धितोपत्र सम्बन्धी
# नीति तथा कार्यक्रम

## आ.व. २०७४।७५

**नेपाल धितोपत्र बोर्ड**

जावलाखेल, ललितपुर
श्रावण २०७४

# धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम

## आ.व. २०७४।७५

g]kfn lwtf]kq af8{
जावलाखेल, ललितपुर
श्रावण २०७४

**सर्वाधिकार** : नेपाल धितोपत्र बोर्डमा निहित ।

**मुद्रक** : प्रिन्ट एण्ड आर्ट सर्भिस
बागबजार, काठमाडौं ।
फोनः ०१-४२४४४१९, ४२३९१५४

**प्रकाशक**

**नेपाल धितोपत्र बोर्ड**
नीति, अनुसन्धान तथा योजना महाशाखा
सुपरिवेक्षण तथा अनुसन्धान विभाग
जावलाखेल, ललितपुर
फोन नं. ०१-५५४१०५७, ५०००२०१, फ्याक्स नं.: ०१-५५४१०५८
वेबसाइटः http://www.sebon.gov.np
ई-मेलः support@sebon.gov.np

# नेपाल धितोपत्र बोर्ड
# प्राक्कथन

धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाई देशभर छरिएर रहेको स-साना बचतलाई संकलन गरी धितोपत्र बजारमार्फत् उत्पादनशील क्षेत्रमा परिचालन गर्ने महत्वपूर्ण संयन्त्रको रुपमा धितोपत्र बजारलाई विकास तथा विस्तार गर्न कृयाशील बोर्ड लगानीकर्ताहरुको हितलाई दृष्टिगत गरी तर्जुमा गरिएको नीति तथा कार्यक्रममार्फत् समेत धितोपत्र बजारको विकासलाई दिशा दिन लागे को छ ।

वास्तविक क्षेत्रका कम्पनीलाई धितोपत्र बजारमा प्रवेश गराउन प्रिमियम मूल्यमा सेयर निष्काशन गर्न सक्ने व्यवस्थासहित अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्वदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्ने प्रावधान समेटी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बोर्डले जारी गर्नुका साथै प्राथमिक निष्काशनमा Application Supported by Blocked Amount (ASBA) प्रणाली भित्र्याई आज देशभर ७५ जिल्लामा नै प्राथमिक बजारको पहुँच पुर्‍याइएको छ भने बजारमा लगानीकर्ताको सहभागिता बढाउन धितोपत्र बाँडफाँडमा सवैलाई कम्तिमा १० कित्ता सेयर पर्न सक्ने व्यवस्था गरिएको छ ।

बोर्ड २०१६ जुलाईमा धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO को सदस्य भएपश्चात् धितोपत्रको दोस्रो बजारलाई प्राथमिक बजारजस्तै देशव्यापी बनाई गैर आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताले समेत विश्वास गर्न सक्ने, Cross Border Listing and Trading का लागि समेत उपयुक्त हुने अत्याधुनिक प्रविधि भित्र्याई नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रियकरण गर्नेतर्फ उन्मुख रहेको छ ।

सरकारको नीति तथा कार्यक्रम, बजेट बक्तव्य, वित्तीय क्षेत्र विकास रणनीति तथा आवधिक योजनामा धितोपत्र बजारलाई विशेष महत्व

दिइएको र यस क्षेत्रका सरोकारवालाहरुलाई सहभागी गराई राय सल्लाह लिने उद्देश्यले बोर्डले गरेको कार्यक्रममा प्राप्त सुझावलाई समेत मध्यनजर गर्दै धितोपत्र बजारलाई अझ स्वच्छ, पारदर्शी तथा प्रभावकारी बनाउने नीति अनुरुप सोही बमोजिमका कार्यक्रमहरु आ.व. २०७४।७५ को नीति तथा कार्यक्रममा समावेश गरी बोर्डले स्वीकृत गरेको छ ।

सीमित श्रोत साधनका बाबजुत बोर्डको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न बोर्ड परिवार दत्तचित्त भई अघि बढिरहेको छ । साथै, यसको कार्यान्वयनमा बोर्डले नेपाल सरकारसहित सम्बन्धित सबै पक्षबाट सहयोग हुने अपेक्षा राखेको छ ।

यस पुस्तिकामा मुख्यतः आ.व. २०७३।७४ को बजारको गतिविधि तथा कार्य प्रगतिको समीक्षाको साथै बोर्डको आ.व. २०७४।७५ को स्वीकृत धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । यसबाट सरोकारवालासहित सम्बन्धित सबै लाभान्वित हुने विश्वास लिएको छु ।

अन्त्यमा, **रजत जयन्ती बर्षमा** पहिलो पटक प्रकाशन गर्न लागिएको २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम पुस्तिका तयार गर्ने बोर्डका नीति, अनुसन्धान तथा योजना महाशाखा, सुपरिवेक्षण तथा अनुसन्धान विभागका सम्बन्धित सबै जिम्मेवार अधिकृतलाई विशेष धन्यवाद दिन चाहन्छु ।

श्रावण ३२, २०७४

**डा.रेवत बहादुर कार्की**

अध्यक्ष

# विषय-सूची


| | | पाना नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | धितोपत्र बजारको समीक्षा | २ |
| | २.१ प्राथमिक बजार | ३ |
| | २.२ दोस्रो बजार | ४ |
| ३. | बोर्डको आ.व. २०७३।७४ को नीति तथा कार्यक्रमको प्रगति समीक्षा | ६ |
| ४. | अन्य कामकारवाहीसम्बन्धी प्रगति | १२ |
| ५. | बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रकृयामा रहेका केही कार्यक्रमहरु | १६ |
| ६. | आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम | १६ |
| | ६.१ नीति तथा कार्यक्रमका आधारहरु | १६ |
| | ६.२ विकासात्मक कार्यक्रम | १७ |
| | ६.३ नियमित कार्यक्रम | २३ |
| अनुसूचीः | बोर्डको आ.व. २०७३।७४ को धितोपत्र सम्बन्धी कार्यक्रमको प्रगति विवरण | २७ |

# धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम

## आ.व. २०७४।७५

### १. पृष्ठभूमि

देशमा छरिएर रहेको बचतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्दै देशको आर्थिक वृद्धि तथा विकासको लागि महत्वपूर्ण संयन्त्रको रूपमा रहेको नेपालको धितोपत्र बजारमा पछिल्लो समयमा केही सकारात्मक परिवर्तनहरू भएका छन् । धितोपत्र बजारको नियमन निकायको रूपमा रहेको नेपाल धितोपत्र बोर्डले धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हक हितको संरक्षण गर्न, धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित गर्नको लागि समयसापेक्ष नियमावली तथा निर्देशिकाहरूको तर्जुमा तथा संशोधन गर्दै आएको छ । प्रविधिको प्रयोगमार्फत आज विश्वको धितोपत्र बजार थप आधुनिकीकरण हुँदै गइरहेको सन्दर्भमा पछिल्लो समयमा धितोपत्रको पूर्ण अभौतिक कारोबार, प्राथमिक बजारमा आस्बा प्रणाली तथा प्राथमिक निष्काशनमा अनिवार्य डिम्याट खाताको कार्यान्वयन, हकप्रद सेयर, बोनस सेयर तथा नगद लाभांश सेयरधनीको खातामा सिधै जम्मा हुने व्यवस्था लगायतका कारणले नेपालको धितोपत्र बजार पनि प्रविधिमैत्री बन्दै गइरहेको छ । नेपाल धितोपत्र बोर्डको नियमन तथा सुपरिवेक्षण क्षमताको थप सुदृढिकरण एवं प्रभावकारिताका साथै पछिल्लो समय सरकारको आवधिक योजना, नीति तथा कार्यक्रम, वित्तीय नीति तथा विकासका रणनीतिहरूमा समेत यस बजारको विकास तथा विस्तारको लागि आवश्यक कार्यक्रम तथा योजनाहरू स्पष्ट रूपमा समावेश भएका कारण धितोपत्र बजार आगामी दिनहरूमा अझ स्वच्छ, स्वस्थ, व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा विकसित हुँदै जाने सम्भावना बढेको छ ।

आ.व. २०७३।७४ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम देहाय अनुसार शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ :

१. आ.व. २०७३।७४ को धितोपत्र बजारको समीक्षा

२. बोर्डको आ.व. २०७३।७४ को कार्यक्रमको कार्य प्रगति समीक्षा
३. अन्य कामकारवाहीसम्बन्धी प्रगति
४. बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रकृयामा रहेका केही कार्यक्रमहरु
५. आ.व. २०७४।७५ को नीति तथा कार्यक्रमका आधार सहित विकासात्मक तथा नियमित कार्यक्रम

## २. धितोपत्र बजारको समीक्षा

आर्थिक वर्ष २०७३।७४ मा नेपालको धितोपत्र बजारमा विभिन्न उतारचढाव देखिएको भएतापनि बोर्डबाट भएको बजार सुधार तथा विकासका कारण सर्वसाधारणको सहभागितामा बृद्धि भई समग्रमा धितोपत्र बजार उत्साहजनक रहेको छ । यस अवधिमा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको परिसूचकको विश्लेषण गर्दा बजारको अवस्था मिश्रित देखिएको छ । समीक्षा वर्षमा प्राथमिक निष्काशन गर्ने कम्पनीहरुको संख्यामा केही बृद्धि भएपनि निष्काशन रकममा भने करिव ४५ प्रतिशतले संकुचन आएको छ । यसबाहेक प्राथमिक बजारका अन्य परिसूचकहरु हकप्रद, थप तथा सामूहिक लगानी कोष निष्काशनमा अघिल्लो आ.व.को तुलनामा उल्लेखनिय बृद्धि भई प्राथमिक बजारमार्फत् भएको समग्र पुँजी परिचालनमा दुई गुणाभन्दा बढी बृद्धि भएको छ । दोस्रो बजारतर्फ कारोवार, फ्लोट बजार पुँजीकरणमा बृद्धि भएको छ र अन्य परिसूचकमा सामान्य गिरावट आएको छ । धितोपत्र बजारमा बोर्डले अन्य विभिन्न सुधारका अतिरिक्त २०७२ माघदेखि पूर्ण अभौतिकृत धितोपत्रको मात्र कारोवार हुने व्यवस्था गरेपश्चात् धितोपत्रको कारोवारमा बृद्धि देखिएको छ भने बजारको ठूलो हिस्सा ओगट्ने बैंक तथा वित्तीय संस्थाहरुले हकप्रद तथा बोनस सेयरमार्फत पुँजी बृद्धिमा जोड दिएसँगै भएको धितोपत्र आपूर्तिमा भएको बृद्धिका कारण नेप्से परिसूचक तथा बजार पुँजीकरणमा केही संकुचन आएको छ । धितोपत्रको प्राथमिक र दोस्रो बजारको समीक्षा देहाय अनुसार गरिएको छ ।

## २.१ प्राथमिक बजार

प्राथमिक निष्काशनतर्फ १ अर्ब ५१ करोड, हकप्रद निष्काशनतर्फ ४५ अर्ब ६४ करोड, थप निष्काशनतर्फ ७ अर्ब ९९ करोड र म्युचुअल फण्डतर्फ ४ अर्ब २५ करोड रुपैयाँ गरी आ.व. २०७३।७४ मा ५९ अर्ब ३९ करोड रुपैयाँ बराबरको पुँजी परिचालन भएको छ जुन अघिल्लो वर्षको १८ अर्ब ९९ करोडको तुलनामा दुई गुणाभन्दा बढीको बृद्धि हो । यस अवधिमा प्राथमिक निष्काशन रकममा अघिल्लो वर्षको निष्काशन रकम २ अर्ब ७६ करोड रुपैयाँको तुलनामा ४५ प्रतिशतको संकुचन देखिएपनि प्राथमिक निष्काशन गर्ने कम्पनीको संख्यामा भने २१ प्रतिशतको बृद्धि आएको छ । त्यस्तै थप निष्काशन संख्या तथा रकममा पनि अघिल्लो वर्षको तुलनामा क्रमश: ३३ र ३७ प्रतिशतले उल्लेख्य बृद्धि भएको छ भने अघिल्लो वर्षमा १ अर्ब रुपैयाँको एउटा म्युचुअल फण्ड जारी भएकोमा समीक्षा वर्षमा ४ अर्ब २५ करोडको चार वटा म्युचुअल फण्ड जारी भएको छ । बैंक तथा वित्तीय संस्थाले हकप्रद सेयर निष्काशन गरी पुँजी बृद्धि गर्ने कार्यलाई व्यापक बनाएसँगै हकप्रद निष्काशनमा अघिल्लो आ.व.को तुलनामा करिब ४ गुणाले बृद्धि भएको छ । यसरी समग्रमा सार्वजनिक निष्काशन संख्यामा ८४ प्रतिशतको उल्लेख्य बृद्धि भई १०१ निष्काशन संख्या पुगेको यस वर्ष निष्काशन रकममा दुई गुणाभन्दा बढीको उल्लेख्य बृद्धि भई करिब ६० अर्वको पुँजी परिचालन प्राथमिक बजारमा भएको छ । प्राथमिक बजारलाई प्रविधिमैत्री बनाउँदै निष्काशनकर्ता तथा लगानीकर्ता दुवैलाई सहज हुने गरी बोर्डले प्राथमिक बजारमा संरचनात्मक सुधार गरेसँगै लगानीकर्ताका साथसाथै हालका वर्षहरुमा निष्काशनकर्ताको पनि आकर्षण यसतर्फ बढ्दै गएको देखिन्छ । प्राथमिक बजारको अवस्थालाई तालिका-१ मा प्रस्तुत गरिएको छ ।

## तालिका-१
## धितोपत्रको प्राथमिक बजारको अवस्था

| विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७२/७३ | २०७३/७४ | २०७२/७३ | २०७३/७४ |
| प्राथमिक निष्काशन | १८ | ६.९८ | १४ | २.७६ | १७ | १.५१ | -२२.२२ | २१.४३ | -६०.४६ | -४५.२९ |
| हकप्रद निष्काशन | २२ | २.३१ | ३७ | ९.४० | ७६ | ४५.६४ | ६८.१८ | १०५.४१ | ३०६.९३ | ३८५.५३ |
| थप निष्काशन | - | - | ३ | ५.८३ | ४ | ७.९९ | - | ३३.३३ | - | ३७.०५ |
| म्युचुअल फण्ड | ३ | २.२५ | १ | १.०० | ४ | ४.२५ | -६६.६७ | ३००.०० | -५५.५६ | ३२५.०० |
| ऋणपत्र | ५ | २.९० | - | - | - | - | - | - | - | - |
| **जम्मा** | ४८ | १४.४४ | ५५ | १८.९९ | १०१ | ५९.३९ | १४.५८ | ८३.६४ | ३१.५१ | २१२.७४ |

*स्रोत: नेपाल धितोपत्र बोर्ड ।*

## २.२ दोस्रो बजार

दोस्रो बजारतर्फ कारोवार रकम तथा संख्या, फ्लोट बजार पुँजीकरण बाहेक अन्य परिसूचकमा सामान्य गिरावट आएको छ । आ.व. २०७२।७३ मा रु. १ खर्व ६४ अर्व ६५ करोडको कारोवार भएकोमा समीक्षा अवधिमा यस रकममा २४.५२ प्रतिशतले बृद्धि आई २ खर्व ५ अर्वको कारोवार भएको छ भने औषत दैनिक कारोवारमा समेत यस वर्ष २६.१५ प्रतिशतको बृद्धि आई करिव रु. ९० करोड पुगेको छ । आ.व. २०७२।७३ मा औषत दैनिक कारोवार करिव ७१ करोड रुपैया रहेको थियो । कूल बजार पुँजीकरणमा अघिल्लो वर्षको तुलनामा १.७६ प्रतिशतको सामान्य गिरावट आई यस आ.व.मा रु. १८ खर्व ५७ अर्व पुगेको छ र फ्लोट बजार पुँजीकरणमा भने अघिल्लो वर्षको तुलनामा १.४३ प्रतिशतको सामान्य बृद्धि भई रु.६ खर्व ४२ अर्व पुगेको छ । अघिल्लो आ.व. मा १७१८.१५ विन्दु

रहेको नेप्से सूचकांक यस आ.व.को अन्त्यमा ७.८९ प्रतिशतले घटेर १५८२.६७ विन्दुमा झरेको छ । त्यस्तै, आ.व. २०७२।७३ को अन्त्यमा १२५.४१ विन्दु रहेको फ्लोट सूचकांकमा यस अवधिको अन्त्यमा ७.३९ प्रतिशतले ह्रास आई ११६.१४ विन्दु कायम भएको छ । आ.व. २०७२।७३ को अन्त्यमा सूचिकृत संगठित संस्था २२९ रहेकोमा समीक्षा वर्षमा थप १२ (६ विकास बैंक र ६ जलविद्युत) कम्पनीहरु सूचिकृत भएपनि बैंक तथा वित्तीय संस्थाको मर्जर र एक्विजिशनका कारण सो संख्या अघिल्लो वर्षको तुलनामा ९.१७ प्रतिशतले घट्न गई वर्षको अन्त्यमा सूचिकृत संगठित संस्थाको संख्या २०८ मा झरेको छ । दोस्रो बजारको अवस्थालाई तालिका-२ मा प्रस्तुत गरिएको छ ।

## तालिका-२
## धितोपत्रको दोस्रो बजारको अवस्था

| विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | २०७१।७२ | २०७२।७३ | २०७३।७४ | २०७२।७३ | २०७३।७४ |
| सूचिकृत संगठित संस्थाको संख्या | २३२ | २२९ | २०८ | -१.२९ | -९.१७ |
| धितोपत्रको वार्षिक कारोबार (रु. अर्बमा) | ६५.४३ | १६४.६५ | २०५.०२ | १५१.६४ | २४.५२ |
| औसत दैनिक कारोबार रकम (रु. करोडमा) | ३०.२९ | ७०.६६ | ८९.१४ | १३३.२८ | २६.१५ |
| कारोबार भएको कूल सेयर संख्या (करोडमा) | १६.०० | ३०.३६ | ३९.२९ | ८९.७५ | २९.४१ |
| कारोबार संख्या (लाखमा) | ४.८४ | ८.३९ | १३.५७ | ७३.३५ | ६१.७४ |
| सूचिकृत धितोपत्रको बजार पुँजीकरण (रु.अर्बमा) | ९८९.४० | १८९०.१३ | १८५६.८२ | ९१.०४ | -१.७६ |
| फ्लोट बजार धितोपत्रको बजार पुँजीकरण (रु.अर्बमा) | ३१८.७२ | ६३२.६६ | ६४१.६९ | ९८.५० | १.४३ |
| बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ६.६१ | ८.७१ | ११.०४ | ३१.७७ | २६.७५ |
| कुल गार्हस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ४६.४५ | ८४.१० | ७१.४४ | ८१.०५ | -१५.०५ |
| कुल गार्हस्थ उत्पादनमा फ्लोट पुँजीकरणको प्रतिशत | १४.९६ | २८.१५ | २४.६९ | ८८.१७ | -१२.२९ |
| नेप्से सूचकांक | ९६१.२३ | १७१८.१५ | १५८२.६७ | ७८.७४ | -७.८९ |
| नेप्से सेन्सेटिभ सूचकांक | २०४.६७ | ३६९.०७ | ३३६.०४ | ८०.३२ | -८.९५ |
| नेप्से फ्लोट सूचकांक | ६८.४७ | १२५.४१ | ११६.१४ | ८३.१६ | -७.३९ |

*स्रोत: नेपाल स्टक एक्सचेन्ज लि.।*

## ३. बोर्डको आ.व. २०७३।७४ को नीति तथा कार्यक्रमको प्रगति समीक्षा

आ.व. २०७३।७४ को स्वीकृत नीति तथा कार्यक्रम अधिकांश रुपमा सम्पन्न भएका छन् । बजार विकास गर्ने क्रममा वार्षिक कार्यक्रममा नपरेका केही अतिरिक्त कार्यक्रम समेत सम्पन्न भएका छन् भने केही कार्यक्रम विविध कारणले यस आ.व.मा नै सम्पन्न हुन नसकी प्रकृयामा रहेका छन् । आ.व. २०७३।७४ मा बोर्डको अग्रसरतामा धितोपत्र बजार सुधार तथा विकासका लागि भएका विभिन्न गतिविधिहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :

### ३.१ विशेष व्यवस्था सहितको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लागू

वास्तविक क्षेत्रका कम्पनीलाई सार्वजनिक निष्काशन गर्न प्रोत्साहन व्यवस्था (दश प्रतिशत सार्वजनिक निष्काशन गर्न सक्ने, सार्वजनिक निष्काशन Fixed Pricing मा हुने गरेकोमा Free Pricing with some cap मा हुने (स्वतन्त्र मूल्य निर्धारणमा जानको लागि पूर्वाधार तयार)), IFC, ADB जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था सहितको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लागू गरिएको छ । त्यस्तै प्राथमिक निष्काशनमा प्रिमियम मूल्य निर्धारण मापदण्ड, थप निष्काशनको मापदण्ड, प्राथमिक निष्काशनमा आवेदन दिने सम्पूर्ण आवेदनकर्तालाई सम्भव भएसम्म न्यूनतम १० कित्ता सेयर बाँडफाँड गर्नुपर्ने, प्राथमिक निष्काशनमा प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्ने लगायतका विभिन्न व्यवस्था सहित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लागू गरिएको छ ।

### ३.२ सार्वजनिक निष्काशनमा ASBA प्रणाली

धितोपत्रको सार्वजनिक निष्काशन प्रकृयालाई सरल, पारदर्शी तथा छिटो छरितो बनाई प्राथमिक निष्काशनदेखि सूचिकरण हुन लाग्ने समयावधिलाई कम गरी धितोपत्र निष्काशन लागत समेत न्यून गराउने Application Supported by Blocked Amount (ASBA)

प्रणालीको २०७३ माघदेखि सफल कार्यान्वयन भई प्राथमिक बजारको पहुँच ५५ बैंक तथा वित्तीय संस्थाका करिव २५०० शाखामार्फत ७५ जिल्लामा पुगी सार्वजनिक निष्काशनमार्फत देशभर छरिएर रहेको पुँजी संकलन गर्ने कार्यमा संस्थागत र प्रणालीगत सुधार भएको छ । यस व्यवस्थालाई यही २०७४ श्रावण १ देखि अनिवार्य गरिएको छ ।

यस्तै, यस व्यवस्थाको साथै धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी नयाँ व्यवस्थाले धितोपत्रको निष्काशनदेखि सूचिकरणसम्मको समयावधि ७० दिनबाट घटी करिव २० दिनमा हुन सक्ने वातावरण तयार भएको छ ।

## ३.३ धितोपत्र दलाल व्यवसायीको पुँजी बृद्धि तथा पूर्वाधार व्यवस्था

धितोपत्र दलालले चुक्ता पुँजी बृद्धि गरी रु. २० लाखबाट रु. २ करोड पुऱ्याउनुपर्ने, शाखा कार्यालयको लागि आवश्यक मापदण्ड पूरा गरी बोर्डबाट स्वीकृति लिनुपर्ने, दक्ष जनशक्ति, आवश्यक पूर्वाधार विकास गर्नुपर्ने लगायतका व्यवस्था थप गरी धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा नेपाल सरकारको स्वीकृति लिई आवश्यक संशोधन गरिएको छ ।

## ३.४ थप निष्काशनको Pricing Model निर्धारण

थप निष्काशन (Further Public Offering, FPO) को मूल्य निर्धारण कार्यमा एकरुपता कायम गर्न तथा यसलाई थप व्यवस्थित, स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउनको लागि पुँजीकृत भएको आम्दानी, बोर्डमा निवेदन दिनुभन्दा सात कार्य दिन अघिको १८० दिनको औसत बजार मूल्य, भबिष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य गणना गरी प्राप्त हुने कुल मूल्यको औसत मूल्य गणना गर्नुपर्ने र सो मूल्य संगठित संस्थाको पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण अनुसारको प्रति सेयर नेटवर्थको चार गुणाले हुन आउने मूल्यमा जुन कम हुन आउछ सो मूल्यलाई प्रिमियम कायम गर्नुपर्ने व्यवस्था गरी मूल्य निर्धारणको विधि तथा आधारहरु तयार गरी लागू गरिएको छ ।

## ३.५ प्रत्यक्ष नियमनकारी निकाय नभएका कम्पनीहरुको हकप्रद तथा थप निष्काशन सम्बन्धमा नयाँ मापदण्ड

प्रत्यक्ष नियमनकारी निकाय नभएका कम्पनीहरुको हकप्रद तथा थप निष्काशनको लागि नयाँ मापदण्ड तय गरी लागू गरिएको छ । यस अनुसार वित्तीय योजना तथा रणनीतिहरु साधारण सभाबाट पारित गराएको हुनुपर्ने, हकप्रद निष्काशनको औचित्य पुष्टि गर्ने आधारहरु प्रष्ट हुनुपर्ने, प्राथमिक निष्काशन गरेको कम्तिमा दुई वर्ष पूरा भएको हुनुपर्ने, नियमानुसार क्रेडिट रेटिङ्ग गरेको हुनुपर्ने, जारी पुँजी शत प्रतिशत चुक्ता भैसकेको हुनुपर्ने, प्रचलित कानुन बमोजिम परियोजना निर्माणको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमतिपत्र वा स्वीकृति लिइसकेको हुनुपर्ने, परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजरको सैद्धान्तिक सहमतिपत्र (Letter of Intent-LOI) प्राप्त गरिसकेको हुनुपर्ने, हकप्रद निष्काशन वा फर्दर पब्लिक इस्यूको सार्वजनिक सूचना प्रकाशन गर्नु भन्दा कम्तिमा पाँच कार्य दिन अगाडि परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजर भएको जानकारी गराई बोर्डको स्वीकृति लिएर मात्रै दरखास्त खुल्ला गरिएको सूचना प्रकाशित गर्नुपर्ने लगायतका मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

## ३.६ संगठित संस्थाको संस्थागत सुशासन आचार संहिताको मस्यौदा

संगठित संस्थाको संस्थागत सुशासन अभिबृद्धि गरी धितोपत्र बजार स्वच्छ तथा पारदर्शी बनाउने क्रममा समीक्षा वर्षमा संगठित संस्थाको संस्थागत सुशासन आचार संहिताको मस्यौदा तयार गरी बोर्डमा प्रस्तुत गरिएको छ ।

## ३.७ क्रेडिट रेटिङ्ग व्यवसायलाई प्रतिस्पर्धी बनाउन थप कम्पनीलाई सहमति प्रदान

क्रेडिट रेटिङ्ग व्यवसायलाई प्रतिस्पर्धी बनाउन थप एक क्रेडिट रेटिङ्ग

कम्पनीलाई सहमति प्रदान गरिएको छ र अर्को एक रेटिङ्ग कम्पनी पाइपलाइनमा रहेको छ ।

## ३.८ Supervision Manual को मस्यौदा

धितोपत्र बजारको बढ्दो आकार र कारोबारको आयतन तथा बोर्डले नियमनकारी निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO को सदस्यता लिइसकेको परिप्रेक्ष्यमा बजारको सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी, व्यवस्थित र अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरुप बनाउन जरुरी भएकोले बोर्डले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ को मस्यौदा तयार गरी कार्यान्वयनको अन्तिम तयारी गरेको छ ।

## ३.९ थप प्रभावकारी धितोपत्र बजार सुपरिवेक्षणमा जोड

स्वच्छ, पारदर्शी तथा प्रभावकारी धितोपत्र बजार विकास गरी लगानीकर्ताको हित संरक्षण गर्न तथा बोर्डले जारी गरेका निर्देशनहरुको अनुपालनाको स्थितिको प्रभावकारी अनुगमन गर्न बोर्डले धितोपत्र बजार सुपरिवेक्षण कार्यलाई आ.व. २०७३।७४ मा थप प्रभावकारी बनाएको छ । समीक्षा वर्षमा भएका सुपरिवेक्षणसम्बन्धी विवरण देहाय बमोजिम रहेका छन्:

- धितोपत्र दलाल व्यवसायीहरुको पूर्वाधार, सेवाको अवस्था, राफसाफ, ग्राहक पहिचान लगायतका विषयमा यस अवधिमा २६ वटा (५२ प्रतिशत) धितोपत्र दलाल व्यवसायीहरुको सुपरिवेक्षण गरिएको र सुपरिवेक्षणबाट प्राप्त प्रतिवेदनको आधारमा नौ धितोपत्र दलाल व्यवसायीहरुलाई कारवाहीको लागि सिफारिस गरिएको तथा सात धितोपत्र दलाल व्यवसायीहरुलाई स्पष्टिकरण माग गरिएको छ । निरीक्षणबाट देखिएका कमी कमजोरीहरुको अवस्थाका सम्बन्धमा पुन: निरीक्षण गर्दा सामान्य सुधार भएको देखिएको छ ।
- सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, धितोपत्र बाँडफाँड तथा मर्चेन्ट बैंकरको कामकारवाहीको निरीक्षण गर्ने क्रममा समीक्षा वर्षमा १४ (६० प्रतिशत) मर्चेन्ट बैंकरको स्थलगत

निरीक्षण गरिएको छ । मर्चेन्ट बैंकरहरुको स्थलगत तथा गैह्रस्थलगत सुपरिवेक्षण गर्दा कैफियत देखिएकोमा चार मर्चेन्ट बैंकरलाई कारवाहीको लागि सिफारिश गरिएको तथा १५ मर्चेन्ट बैंकरलाई सचेत गराइएको छ ।

- आ.व. २०७२।७३ मा काठमाडौं उपत्यका, पोखरा, झापा, रुपन्देही, विराटनगरमा ३४ (५२ प्रतिशत) निक्षेप सदस्यहरुको निक्षेप सेवा सम्बन्धमा भए/गरेका कामकारवाहीको स्थलगत अनुगमन गरिएको छ । निक्षेप सेवाका सम्बन्धमा देखिएका समस्या तथा उक्त सेवालाई थप व्यवस्थित गर्न आवश्यक निर्देशन दिइएको छ ।
- आ.व. २०७२।७३ मा सबै ११ सामूहिक लगानी योजनाको कामकारवाहीको स्थलगत अनुगमन गरिएको छ । सामूहिक लगानी कोषका सम्बन्धमा देखिएका समस्याका विषयमा आवश्यक निर्देशन दिइएको छ ।

### ३.१० प्रकाशन

धितोपत्र बजार सम्बन्धी विविध जानकारी दिने उद्देश्यले बोर्डले समीक्षा अवधिमा निम्न सामग्रीहरु प्रकाशन गरेको छ :

- बोर्डको विगत २५ वर्षको गौरवमय इतिहासलाई समेटिएको “नेपाल धितोपत्र बोर्डका २५ वर्ष”
- धितोपत्र बजारसम्बन्धी विभिन्न लेख रचना समावेश गरिएको “नेपाल धितोपत्र बोर्ड रजतजयन्ती पुँजी बजार लेख विशेषाङ्क”
- धितोपत्र बजारको तथ्यांक विश्लेषण गरी सबैलाई जानकारी गराउन “Quarterly Securities Market Indicator, Vol I”
- Securities Board of Nepal: An Introduction
- नेपाल धितोपत्र बोर्ड एक परिचय
- धितोपत्र बजारबारे बारम्बार सोधिने प्रश्नहरु
- नेपाल धितोपत्र बोर्ड समाचार

- आ.व. २०७२।७३ को वार्षिक प्रतिवेदन

### ३.११ Settlement Guarantee Fund तथा Auction Market स्थापना सम्बन्धमा आवश्यक निर्देशन

धितोपत्र कारोवारमा हुने जोखिम न्यूनिकरण गरी धितोपत्र कारोवार राफसाफलाई व्यवस्थित गर्न तथा कारोवार रकम भुक्तानी सुनिश्चित गर्न Settlement Guarantee Fund तथा Auction Market स्थापना गर्ने सम्बन्धमा नेप्से तथा सिडिएससीलाई निर्देशन दिएपश्चात् Settlement Guarantee Fund कार्यविधि नेप्सेले तयार गरी बोर्डमा पेश गरेकोमा सो कार्यको लागि कार्यविधिबाट नभई विनियम बनाउनुपर्ने हुनाले विनियम बनाई बोर्डमा पेश गर्न निर्देशन दिइएको छ र आगामी दिनमा यसको कार्यान्वयन गर्न बोर्ड अग्रसर रहेको छ ।

### ३.१२ अध्ययन तथा अनुसन्धान

अध्ययन अनुसन्धानलाई जोड दिदै अध्ययन अनुसन्धानमा आधारित नीति नियम बनाउने क्रममा वार्षिक कार्यक्रममा उल्लेखित निम्न विषयमा अध्ययन सम्पन्न गरी नीतिगत राय पेश गरिएको छः

- मर्चेन्ट बैंकरहरुको कार्य क्षेत्र विस्तार तथा थप मर्चेन्ट बैंकरको आवश्यकता,
- सूचिकृत संगठित संस्थाहरुको सूचना प्रवाहको व्यवस्था तथा अभ्यास,
- सामूहिक लगानी कोषको हालको स्थिति तथा संभावना,
- दोस्रो बजार कारोवार तथा मूल्यको उतार चढाव (Volatility),
- धितोपत्रको दोस्रो बजारमा लगानी कम्पनीहरुको अवस्था ।

### ३.१३ सेवोन जनशक्तिलाई पुँजी बजार सम्बन्धी गहन तालिमको व्यवस्था

Securities and Exchange Board of India/National Institute of Securities Markets का विज्ञमार्फत् बोर्डका नयाँ जनशक्तिलाई पुँजी बजारसम्बन्धी तीन दिने गहन तालिम दिइएको छ ।

### ३.१४ लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन

लगानीकर्ता सचेतनामा जोड दिदै आएको बोर्डले समीक्षा अवधिमा

देशका मध्य-पश्चिम तथा सुदुर-पश्चिमका दुर्गम जिल्लालगायत अन्य विभिन्न स्थानमा २१ लगानीकर्ता प्रशिक्षण तथा सचेतना कार्यक्रम संचालन गरेको छ । उल्लेखित कार्यक्रममा स्थानीय उद्योग व्यवसायी, उद्योग वाणिज्य संघका प्रतिनिधि, विश्वविद्यालय तथा कलेजका विद्यार्थी, धितोपत्र बजारका लगानीकर्ताहरु गरी कुल २४०० जनाको सहभागिता रहेको थियो ।

### ३.१५ Online Trading प्रणालीको व्यवस्था गर्न आवश्यक निर्देशन

धितोपत्रको दोस्रो बजारलाई देशव्यापी बनाउन Online Trading प्रणालीको व्यवस्था गर्न बोर्डले नेप्सेलाई निर्देशन दिएको छ ।

## ४. अन्य कामकारवाहीसम्बन्धी प्रगति

धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षणमा सुधार तथा विकास गर्ने क्रममा आ.व. २०७३।७४ को पूर्व निर्धारित कार्यक्रमका साथै अन्य देहाय बमोजिमका कामकारवाहीहरु समेत बोर्डले समीक्षा अवधिमा सम्पन्न गरेको छ :

### ४.१ प्राथमिक निष्काशनमा डिम्याट खाता अनिवार्य गरिएको

२०७३ श्रावण १ गतेदेखि काठमाडौं उपत्यका र २०७३ माघ १ गतेदेखि नेपालभर प्राथमिक निष्काशनमा दरखास्त दिने दरखास्तवालाहरुले आफ्नो डिम्याट खाता दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने तथा सोही खातामा बाँडफाँट भएको सेयर जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### ४.२ दलाल व्यवसायी शुल्कमा ४० प्रतिशतसम्म कटौती

विगत ८ वर्षदेखि समान रहेको र दक्षिण एशियामा नै उच्च रहेको नेपालको धितोपत्र कारोवारमा लाग्ने दलाल व्यवसायी शुल्कलाई समसामयिक बनाउन धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा आवश्यक संसोधन गरी ४० प्रतिशतसम्म कटौती गरिएको छ । परिणामस्वरुप दोस्रो

बजारको लगानीकर्तामा सकारात्मक प्रभाव परी दैनिक औसत कारोवार बढेको छ ।

### ४.३ ओटिसी कारोवार शुल्कमा ९० प्रतिशतसम्म कटौती

वि.सं. २०६५ देखि नेप्सेमार्फत् ओटिसी कारोवार हुने व्यवस्था भएकोमा सो बजार सकृय रुपमा संचालनमा आउन नसकेको पृष्ठभूमिमा बोर्डको समन्वय र निर्देशन बमोजिम २०७२ माघदेखि उक्त बजार सकृय रुपमा संचालनमा आएको र २०७३ श्रावणमा ओटिसी कारोवार शुल्कमा ९० प्रतिशतसम्म कटौती गरिएपश्चात् ओटिसी कारोवारमा थप बृद्धि भई ओटिसी बजार नियमित रुपमा संचालनमा आएको छ ।

### ४.४ मर्चेन्ट बैंकरको कार्यक्षेत्र विस्तार, पुँजी बृद्धि तथा संस्थागत सुशासनसम्बन्धी व्यवस्था

मर्चेन्ट बैंकरले संस्थागत परामर्शदाताको कार्य गर्न सक्ने गरी कार्यक्षेत्र विस्तार गर्ने, स्वस्थ तथा प्रतिष्पर्धी सेवाका लागि तीन गुणाभन्दा बढीले पुँजी बृद्धि गर्ने तथा संस्थागत सुशासन प्रबलीकरणसम्बन्धी व्यवस्था सहित धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा संशोधन गर्न बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष समीक्षा अवधिमा पेश गरेको छ ।

### ४.५ नयाँ स्टक एक्सचेन्ज स्थापनासम्बन्धी नीतिगत व्यवस्था

धितोपत्रको दोस्रो बजार सेवालाई आधुनिकीकरण गर्दै बजारको पहुँच देशव्यापी बनाउन तथा अर्थतन्त्रमा आएको बृद्धि र पुँजी बजारको विस्तारलाई धान्न सक्ने गरी धितोपत्र बजार संचालन नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिमको नयाँ स्टक एक्सचेन्ज स्थापना गर्ने सम्बन्धी नीतिगत व्यवस्था गरिएको छ ।

### ४.६ बोर्डको निरन्तरको निर्देशनपश्चात् थप तीन क्लियरिङ्ग बैंक

दोस्रो बजारमा पूर्ण अभौतिकृत धितोपत्रको मात्र कारोवार शुरु

भैसकेपश्चात् कारोवार रकम तथा संख्यामा बृद्धि भएपछि एकमात्र क्लियरिङ्ग बैंकले धान्न नसक्ने हुनाले बोर्डले सिडिएससीलाई निरन्तर निर्देशन दिएपश्चात् समीक्षा वर्षमा थप तीन क्लियरिङ्ग बैंक थपिई सो को संख्या चार पुगेको छ ।

## ४.७ बोर्डको निर्देशन बमोजिम दोस्रो बजारमा Odd Lot कारोवार शुरु

धितोपत्र वजारमा धितोपत्रको नियमित कारोवार १० कित्ता वा सोभन्दा माथिको मात्र हुने गरेकोमा हाल धितोपत्रको अभौतिक कारोवार शुरु भई स्टक मार्केटको आधुनिकीकरण भैसकेको परिप्रेक्षमा धितोपत्रको नियमित कारोवारमा १० कित्ता भन्दा कमको समेत कारोवार हुनसक्ने तथा १० कित्ता भन्दा कमको कारोवारले मूल्य सीमा परिवर्तन गर्न नसक्ने व्यवस्था गर्न बोर्डले निर्देशन दिएपश्चात् दोस्रो बजारमा Odd Lot को कारोवार नियमित रुपमा शुरु भएको छ ।

## ४.८ बोर्डका कर्मचारीलाई आचार संहिता लागू

बोर्डको आन्तरिक सुशासनमा जोड दिई धितोपत्र बजारको स्वच्छ विकास गर्न बोर्डका कर्मचारीहरुले सर्वसाधारण लगानीकर्ताले जस्तै सेयर खरिद विक्री गर्न नपाउने लगायत अन्य सुशासनसम्बन्धी व्यवस्थाहरु समावेश गरी समीक्षा वर्षमा बोर्डका कर्मचारीलाई आचार संहिता लागू गरिएको छ । त्यस्तै बोर्ड सदस्यको आचार संहिता तयार गरी बोर्ड समक्ष प्रस्तुत गरिएको छ ।

## ४.९ Internet मार्फत खरिद विक्री आदेश दिन सक्ने व्यवस्था

धितोपत्र खरिद बिक्री गर्न धितोपत्र दलाल व्यवसायीको कार्यालयमा उपस्थित भई आदेश दिनुपर्ने झन्झटको अन्त्य गरी धितोपत्रको कारोवार प्रकृया थप सहज, सरल र छिटो छरितो बनाउन तथा यस सम्बन्धमा अभिलेख सुदृढ गरी लगानीकर्ताहरुलाई विशेष सुविधा दिने, दोस्रो बजारको कारोवारमा स्थलगत तथा परिणामात्मक रुपमा व्यापकता ल्याउने उद्देश्यले धितोपत्र दलाल व्यवसायीहरुले हाल उपयोग गरिरहेको स्वीकृत ब्रोकर व्याक अफिस सफ्टवेरमा

आवश्यक सुधार/थप गरी Internet मार्फत खरिद विक्री आदेश दिन सक्ने गरी ब्रोकर व्याक अफिस सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुलाई समीक्षा वर्षमा निर्देशन दिएको छ ।

## ४.१० अध्ययन तथा अनुसन्धान

वार्षिक कार्यक्रममा उल्लेख गरिएको बाहेक समीक्षा वर्षमा निम्न विषयमा अध्ययन कार्य सम्पन्न भएका छन्:

- नयाँ स्टक एक्सचेन्जको आवश्यकता,
- क्रेडिट रेटिङ्ग संस्थाको अवस्था,
- धितोपत्र बाँडफाँड प्रणालीको पुनरावलोकन,
- नबिल म्युचुअल फण्ड अर्न्तगत सञ्चालित योजनाहरुको लगानी गतिविधि,
- बैंक तथा वित्तीय संस्थालाई धितोपत्र दलालको रुपमा कार्य गर्न दिने सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासका विषयमा र कानुनी व्यवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट बोर्डमा जानकारी माग भएकोमा सार्क तथा आशियन क्षेत्रका देशहरुको अभ्यासहरुको अध्ययन गरी नेपाल राष्ट्र बैंकलाई जानकारी गराइएको ।

## ४.११ बोर्डको रजत जयन्ती कार्यक्रम आयोजना

बोर्ड २५ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा रक्तदान, प्रभातफेरी तथा रजत जयन्ती विशेषांक, पुँजी बजार लेख विशेषांक, Quarterly Securities Market Indicators, Securities Board of Nepal: An Introduction को प्रकाशन सहित माननीय अर्थमन्त्री, गर्भनर, राजस्व सचिव लगायत विशिष्ट व्यक्तिहरुलाई आमन्त्रण गरी एक भव्य समारोहकाबीच समीक्षा वर्षमा रजत जयन्ती कार्यक्रम सम्पन्न भएको छ ।

## ५. बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रकृयामा रहेका केही कार्यक्रमहरु

- धितोपत्र व्यवसायीहरुको शिप दक्षता अभिबृद्धि गर्न र पुँजी बजार सम्बन्धी शैक्षिक कार्यक्रमहरुलाई संस्थागत रुपमा संचालन गर्नका लागि Securities Market Institute स्थापना गर्ने कार्यक्रम समीक्षा वर्षमा रहेकोमा यससम्बन्धमा अध्ययन भैरहेको छ ।
- धितोपत्र सूचिकरण, कारोवार तथा हस्तान्तरणलाई थप व्यवस्थित तथा नियमित गराउन धितोपत्र सूचिकरण, कारोबार तथा हस्तान्तरण नियमावलीको मस्यौदा तयार गर्ने लक्ष्य समीक्षा वर्षमा नै राखिएकोमा यससम्बन्धमा अध्ययन भैरहेको छ ।
- समीक्षा वर्षमा बोर्डको आफ्नै कार्यालय भवन बनाउन आवश्यक व्यवस्था गर्ने लक्ष्य राखिएकोमा सो काम हुन बाँकी रहेको छ ।

आ.व. २०७३।७४ को कार्यक्रमको विस्तृत कार्यप्रगति विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

## ६. आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम

बोर्डले देहायका आधारमा आ.व. २०७४।७५ को देहाय अनुसारको नीति तथा कार्यक्रम स्वीकृत गरेको छ :

### ६.१ नीति तथा कार्यक्रमका आधारहरु

आ.व. २०७४।७५ को लागि तल उल्लेखित विषयको आधारमा बोर्डको वार्षिक कार्यक्रम तयार गरिएको छः

- आ.व. २०७४।७५ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेखित पुँजी बजारसम्बन्धी कार्यक्रम,
- नेपाल सरकारले लागू गरेको वित्तीय क्षेत्र विकास रणनीति (२०७३।७४ - २०७७।७८) मा उल्लेखित आ.व. २०७४।७५ मा सम्पन्न हुनुपर्ने पुँजी बजारसम्बन्धी कार्यक्रम,

- नेपाल सरकारको १४ औं त्रिवर्षीय योजना अन्तर्गतका पुँजी बजारसम्बन्धी कार्यक्रम,
- बोर्ड धितोपत्र बजार नियमन गर्ने निकायहरुको अन्तर्राष्ट्रिय संस्था International Organisation of Securities Commissions (IOSCO) को एशोसियट सदस्य भइसकेपश्चात् IOSCO को सिद्धान्त बमोजिम नेपालको धितोपत्र बजार विकासको लागि गर्नुपर्ने कार्यहरु,
- बोर्डले २०७४ आषाढ २८ गते आ.व. २०७४।७५ को धितोपत्र बजारसम्बन्धी कार्यक्रम तयार गर्ने सम्बन्धमा धितोपत्र बजार सम्बद्ध सरोकारवालालाई आमन्त्रण गरी आयोजना गरेको छलफल कार्यक्रममा प्राप्त उपयुक्त सुझावहरु,
- कमोडिटी डेरिभेटिभ्स् (Commodity Derivatives) बजारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका संसदबाट पारित भइसकेकोले बोर्डको नियमन जिम्मेवारीमा भएको बृद्धि,
- आ.व. २०७३।७४ मा सम्पन्न हुन बाँकी रहेका केही कार्यक्रम ।

## ६.२ विकासात्मक कार्यक्रम

१. धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षणलाई प्रभावकारी बनाउन Supervision Manual बनाइएकोमा यसमार्फत् सुपरिवेक्षण कार्यलाई अझ चुस्त बनाइने ।

२. सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासनमा सुधार ल्याउन संस्थागत सुशासन सम्बन्धी निर्देशिका बनाई लागू गर्ने ।

३. बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसियट सदस्य भएकोमा IOSCO सँग Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्न आवश्यक कार्य अगाडि बढाउने ।

४. बोर्ड २०७४ जेष्ठ २५ मा पच्चिसौ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा रजत जयन्ती वर्षमा देहाय बमोजिमको कार्यक्रम गर्ने:

- धितोपत्रबजारको प्रबर्द्धन गर्न बजार सहभागीको सहभागितामा पुँजी बजार प्रदर्शनी (Capital Market Expo) आयोजना गर्ने,
- धितोपत्र बजारको नियमन तथा विकाससम्बन्धी अनुभव आदान प्रदान गर्ने उद्देश्यले IOSCO सँग मिलेर धितोपत्र बजार सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनार आयोजना गर्ने,
- धितोपत्र बजार सम्बन्धी हुलाक टिकट प्रकाशन गर्ने,
- २५ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम संचालन गर्ने,
- धितोपत्र बजारसम्बन्धी अनुसन्धानमूलक शोध, रचनालाई प्रोत्साहन गर्न SEBON Journal प्रकाशन गर्ने,
- धितोपत्र बजारको तथ्यांक नियमित रुपमा जानकारी गराउन Quarterly Securities Market Indicators को प्रकाशनलाई निरन्तरता दिने,
- पुँजी बजारसम्बन्धी लेख रचनालाई समावेश गरी पुँजी बजार लेख विशेषाङ्कको प्रकाशनलाई निरन्तरता दिने,
- धितोपत्र सम्बन्धी विस्तृत कानुन संग्रह प्रकाशन गर्ने
- उत्कृष्ट आर्थिक पत्रकार छनौट गरी रु.५०,०००।- रकमको पुँजी बजार पत्रकारिता पुरस्कार हरेक वर्ष प्रदान गर्ने ।

५. वास्तविक क्षेत्रका कम्पनीहरुलाई सर्वसाधारणमा सेयर जारी गर्न बाध्यात्मक व्यवस्था गर्ने सम्बन्धमा कम्पनी ऐन तथा औद्योगिक नीतिमा सम्बन्धित व्यवस्था समावेश गराउन नेपाल सरकार, अर्थ मन्त्रालय तथा कम्पनी रजिष्ट्रारको कार्यालयसँग समन्वय स्थापित गर्ने ।

६. धितोपत्र बजारमा लगानीको क्षेत्र र व्यवसायीको कार्यक्षेत्र तथा व्यवसायिकता विकास गरी धितोपत्र बजारको कार्यक्षेत्रमा विस्तार ल्याउन भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फण्ड सम्बन्धी अध्ययन गरी यस्ता साधनहरु जारी गर्न आवश्यक नियम बनाउने ।

७. धितोपत्र बजारमा सामूहिक लगानी कोष अन्तर्गत खुलामुखी योजना प्रवेश गराउन आवश्यक कार्य गर्ने ।

८. नेप्से तथा सिडिएससीको कारोवार तथा केन्द्रीय निक्षेप प्रणालीको जोखिम न्यूनिकरण गर्न डिजास्टर रिकभरी प्रणालीलाई सुदृढ गर्न निर्देशित तथा सहजीकरण गरी नेप्से तथा सिडिएससीको प्रणालीको संपरीक्षण (System Audit) गराउन सहजीकरण गर्ने ।

९. छुट्टै नियमन निकाय नभएका सूचिकृत कम्पनीहरुको नियमन तथा सुपरिवेक्षण गर्न आवश्यक कार्य अगाडि बढाउने ।

१०. नेप्सेको पुर्नसंरचना कार्य अगाडि बढाई अन्तर्राष्ट्रिय अभ्यास तथा धितोपत्र सम्बन्धी ऐन नियम अनुसार हुने गरी नेप्सेको पूर्नसंरचना गर्न सहजीकरण गर्ने ।

११. धितोपत्र बजारका सरोकारवालाको क्षमता अभिबृद्धि गर्न, जनशक्तिको विकास गर्न, लगानी व्यवस्थापक तथा परामर्शदाताहरुको योग्यता प्रमाणित गर्न, लगानीकर्ताले पाउने सेवाको गुणस्तर र ज्ञानलाई प्रबर्द्धन गर्न, धितोपत्र बजारसम्बन्धी विभिन्न शैक्षिक तालिम दिन, धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धान गर्न तथा धितोपत्र बजारसम्बन्धी थिंक ट्यांकको विकास गर्न बोर्डको कम्तिमा ५१ प्रतिशत सेयर हुने गरी रु. १० करोड पुँजी भएको धितोपत्र बजार प्रशिक्षण संस्था (Securities Market Institute) स्थापना गर्ने ।

१२. नेपाल धितोपत्र बोर्डलाई अधिकार सम्पन्न बनाई धितोपत्र बजारको सशक्त नियमन निकायको रुपमा विकास गर्न तथा धितोपत्र बजारको नियमन व्यवस्थालाई थप प्रभावकारी बनाउन धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्ने ।

१३. धितोपत्रको प्राथमिक बजार देशव्यापी रुपमा विस्तार भई ७५ जिल्लामा विस्तार भएतापनि दोस्रो बजार कारोवार सुविधा यद्यपि काठमाडौं केन्द्रित नै रहेको परिप्रेक्ष्यमा नेपालको सबै जिल्लाका लगानीकर्ताहरुलाई दोस्रो बजार कारोवार सुविधा प्रदान गर्न दोस्रो बजारलाई देशव्यापी रुपमा विस्तार गर्न, धितोपत्र बजारमा अन्तर्राष्ट्रिय स्तरको कारोवार प्रणाली

भित्र्याउन तथा धितोपत्र बजारलाई प्रतिस्पर्धी बनाउन कर्पोरेट मोडलमा नयाँ स्टक एक्स्चेन्ज संचालनका लागि सहजीकरण गर्ने ।

१४. वस्तु विनिमय (Commodity Derivatives) बजारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ व्यवस्थापिका संसदबाट पारित भैसकेकोमा सो सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणिकरण भई आएपश्चात् लागू गर्न नियमावली बनाई नियमनको दायरामा ल्याउने ।

१५. धितोपत्र बजार सदस्यता तथा कारोवार विनियमावली, २०५५ तथा धितोपत्र सूचिकरण विनियमावली, २०५३ लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार नियमावली, २०६४ को व्यवस्था अनुसार समसामयिक बनाउन नयाँ विनियमावलीहरुले प्रतिस्थापन गराउन नेप्सेलाई निर्देशन दिने तथा आवश्यक सहजिकरण गर्ने ।

१६. धितोपत्रको दोस्रो बजार कारोवारलाई थप प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन Settlement Guarantee Fund को व्यवस्थाका लागि नेप्सेलाई निर्देशन दिने तथा सहजीकरण गर्ने ।

१७. वस्तु विनिमय बजारको नियमनको जिम्मेवारी समेत बोर्डलाई प्रदान गरिएकोमा उक्त जिम्मेवारी निर्वाह गर्न Organisation and Management (O and M Survey) गरी सोही अनुरुप नयाँ संगठन संरचना तथा जनशक्ति व्यवस्था गर्ने ।

१८. बोर्डको आफ्नै कार्यालय भवन बनाउन आवश्यक कार्य अगाडि बढाउने ।

१९. धितोपत्र व्यवसायीहरुको आन्तरिक तथ्याकं व्यवस्थापनलाई प्रभावकारी बनाउन तथ्याकं व्यवस्थापन प्रणाली खरिद गर्ने तथा धितोपत्र कारोवार सुपरिवेक्षण प्रणालीको लागि अध्ययन कार्य अगाडि बढाउने ।

२०. धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचिकरण भएका तर हाल संचालनको अवस्था अज्ञात रहेका कम्पनीहरुका साथै

सूचिकरण खारेज भएका कम्पनीहरुको स्थितिको अध्ययन कार्य अगाडि बढाउने ।

२१. धितोपत्र बजारमा गैर आवासीय नेपाली (Non Resident Nepalese) को लगानी खुला गर्ने सम्बन्धी अध्ययन गर्न समिति गठन भैसकेको परिप्रेक्ष्यमा सो सम्बन्धमा आवश्यक कार्यविधि बनाउने ।

२२. IOSCO बाट समेत अनुरोध भए अनुसार अक्टोवर २-८, २०१७ मा विविध कार्यक्रम आयोजना गरी Investor Week मनाउने ।

२३. विश्वविद्यालय तहमा हुने धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने । साथै, धितोपत्र बजारसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्न बोर्डको पुस्तकालयलाई व्यवस्थित गर्ने ।

२४. विश्वविद्यालय तथा विद्यालयको पाठ्यक्रममा धितोपत्र बजारसम्बन्धी विषयवस्तुहरु समावेश गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने ।

२५. Municipal Bond निष्काशनसम्बन्धी आवश्यक व्यवस्था तथा ऋणपत्र र अग्राधिकार सेयर बजार विकासको लागि अबलम्वन गरिनुपर्ने प्रोत्साहनमूलक नीतिका सम्बन्धमा अध्ययन गर्ने ।

२६. देश संघियतामा गैसकेको परिप्रेक्ष्यमा बोर्डको शाखा कार्यालय पनि विस्तार गर्दै जानुपर्ने देखिएकोले प्रदेश नम्बर ३ बाहेक अन्य प्रदेशमा क्षेत्रीय कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी कम्तिमा एक कार्यालय स्थापना गर्ने ।

२७. धितोपत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका लगानी कम्पनीहरुलाई नियमनको दायरामा ल्याउन कम्पनी रजिष्ट्रारको कार्यालयसँग समन्वय स्थापित गरी आवश्यक कार्य अगाडि बढाउने ।

२८. धितोपत्र बजारको पहुँच देशव्यापी बनाउने क्रममा काठमाडौं उपत्यका बाहिर मर्चेण्ट बैंकरको सेवा विस्तार गर्न सहजिकरण गर्ने ।

२९. धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो कारोवार, अभिलेख तथा सूचना प्रवाह व्यवस्थापन सम्वन्धमा हाल नेप्सेबाट स्वीकृत व्याक अफिस सफ्टवेर प्रयोग गरिरहेको परिप्रेक्ष्यमा सो मा आवश्यक सुधार/थप गरी धितोपत्रको खरिद बिक्री आदेश Internet मार्फत् गराई धितोपत्रको कारोवार प्रकृयालाई थप सहज, पारदर्शी, सरल, छिटो छरितो र लगानीकर्तामैत्री बनाउन बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीलाई निर्देशन दिएकोमा सो को कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने ।

३०. धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र (मार्जिन ट्रेडिङ्ग, धितोपत्र व्यापारी सेवा) विस्तार सम्बन्धमा अध्ययन गर्ने ।

३१. साना लगानीकर्ताहरुसँग रहेको निश्चित संख्यासम्मको अभौतिकृत हुन बाँकी धितोपत्रलाई बिक्रीको अवसर दिई त्यस्ता धितोपत्रको तरलता अभिबृद्धि गर्न अभौतिक धितोपत्र कारोवार गर्ने छुट्टै प्लेटफर्मको विकास गर्ने कार्य अगाडि बढाउने ।

३२. बोर्डको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन NFRS लागू गर्न प्रथम चरणमा Accounting Manual तयार गर्ने तथा बोर्डको दायित्व निर्धारण सम्बन्धमा Actuarial Valuation गर्ने ।

३३. दोस्रो बजारमा लगानी गर्दा स्थायी लेखा नं. (PAN) लाई आ.व. २०७५।७६ देखि अनिवार्य गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

३४. धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यक नीति नियममा राय सल्लाह लिन यससँग सम्बद्ध तथा जानकार अर्थशास्त्री र विज्ञहरुलाई संलग्न गराई अर्न्तकृया कार्यक्रम संचालन गर्ने ।

जनशक्ति सम्बन्धी

३५. बोर्डको कर्मचारी सेवा शर्त सम्बन्धी अध्ययन गरी लोक सेवा आयोगको सामान्य सिद्धान्तसँग सामञ्जस्यता हुने गरी नेपाल

धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ मा समसामयिक संशोधन गर्ने । साथै, बोर्डका कर्मचारीको कार्य सम्पादन अभिबृद्धिमा प्रोत्साहन गर्न बोर्डको सेवा सुविधाहरुलाई समसामयिक बनाउने ।

३६. बोर्डको कर्मचारीको उचित व्यवस्थापन गर्न उपर्युक्त स्वेच्छिक अवकाश योजना सम्बन्धमा अध्ययन गर्ने ।

३७. बोर्डको कर्मचारीहरुको लागी कर्मचारी सवारी सुविधा योजना (OYVS) बनाई लागू गर्ने ।

## ६.३ नियमित कार्यक्रम

१. संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र विक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने ।

२. धितोपत्र बजार, धितोपत्र दलाल, निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, प्रत्याभूति, योजना व्यवस्थापन, डिपोजिटरी, निक्षेप सदस्य, आस्वा सहभागी, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने ।

३. सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाहरुबाट प्राप्त निवेदनहरुको अध्ययन गरी कोष दर्ता गर्ने तथा कोष सुपरिवेक्षकको कार्य गर्न चाहनेहरुलाई स्वीकृति प्रदान गर्ने ।

४. २०७४ श्रावण १ देखि अनिवार्य रुपमा Application Supported by Blocked Amount (ASBA) प्रणाली कार्यान्वयन गरिएकोमा आस्वा प्रणालीमा सहभागी कम्तिमा २५ प्रतिशत बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गर्ने ।

५. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण तथा

आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ ले गरेको व्यवस्था बमोजिम धितोपत्र व्यवसायमा संलग्न सम्पूर्ण व्यक्ति, लगानीकर्ताहरुको ग्राहक पहिचान (Know Your Customer) गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने ।

६. धितोपत्र खरिद बिक्री सम्बन्धमा लगानीकर्ताहरुको आदेशको कार्यान्वयन, कारोवार राफसाफ तथा फछ्र्यौट, निक्षेप सदस्यको सेवा प्रवाह तथा ऐन नियमको पालना सम्बन्धमा कम्तिमा ५० प्रतिशत धितोपत्र दलाल व्यवसायी तथा निक्षेप सदस्यको स्थलगत निरीक्षण गर्ने ।

७. धितोपत्रको निष्काशन, बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी काम कारवाहीहरु धितोपत्र सम्बन्धी ऐन नियम बमोजिम भए नभएको सम्बन्धमा कम्तिमा ५० प्रतिशत मर्चेन्ट बैंकरहरुको स्थलगत निरीक्षण गर्ने ।

८. सामूहिक लगानी कोषको लगानी व्यवस्थापन तथा अन्य काम कारवाही सम्बन्धमा कम्तिमा ५० प्रतिशत योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको काम कारवाहीहरुको स्थलगत निरीक्षण गर्ने ।

९. सूचिकृत संगठित संस्थाहरु, नेपाल स्टक एक्सचेन्ज लि., धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर, केन्द्रीय निक्षेप कम्पनी, योजना व्यवस्थापक, निक्षेप सदस्य तथा क्रेडिट रेटिङ्ग एजेन्सीको वित्तीय विवरण प्रवाह, वार्षिक साधारण सभा, सूचना प्रवाह तथा अन्य कामकारवाहीको सम्बन्धमा थप परिष्कृत एवं नियमित रुपमा गैह्रस्थलगत सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने ।

१०. धितोपत्र बजारमा कारोवार हुने सूचिकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेन्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने ।

११. स्टक एक्सचेन्ज तथा धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीबाट

बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली तथा विनियमावली संशोधनको पुनरावलोकन गरी स्वीकृत गर्ने ।

१२. लगानीकर्ताको धितोपत्र सम्बन्धी गुनासाहरुको छानविन तथा समाधान सम्बन्धमा आवश्यक कार्य गर्ने ।

१३. धितोपत्र सम्बन्धी कसूरका सम्बन्धमा आवश्यकता अनुसार अनुसन्धान तथा तहकीकात गर्ने र ऐन नियमको पालना नगर्ने पक्षहरु उपर धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था अनुसार आवश्यक कारवाही अगाडि बढाउने तथा बोर्ड पक्ष वा विपक्ष भएका मुद्दा मामिला सम्वन्धी कार्य गर्ने ।

१४. धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम तर्जूमा र धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यकता अनुसार नेपाल सरकार समक्ष राय सुझाव प्रस्तुत गर्ने ।

१५. बोर्डको वार्षिक कार्यक्रम र वजेट तयार गर्ने तथा सो अनुसार भए गरेका काम कारवाहीहरुको प्रत्येक चौमासिक अवधिमा पुनरावलोकन गर्ने ।

१६. पुँजी बजार सम्बन्धी विभिन्न सूचना तथा जानकारीहरु प्रवाह गर्न देहाय अनुसारका सामाग्रीहरु प्रकाशन गर्नेः

(क) बोर्डको वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली),

(ख) नेपाल धितोपत्र बोर्ड समाचार ।

१७. धितोपत्र बजारसम्बन्धी नीति निर्माणमा सहयोग हुने उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी तथा अध्ययन भ्रमण कार्यक्रमहरुमा बोर्डका पदाधिकारीहरुलाई र धितोपत्र बजार नियमनसम्बन्धी शीप तथा दक्षता अभिवृद्धिका लागि बोर्डका कर्मचारीहरुलाई उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा सेमिनार कार्यक्रमहरुमा सहभागी गराउने ।

१८. धितोपत्र बजार सम्बन्धमा लगानीकर्ताको सचेतनाको स्तर अभिबृद्धि गर्न विभिन्न संचार माध्यमबाट चेतनामूलक सन्देशहरु प्रवाह गर्ने ।

१९. बोर्डको वार्षिकोत्सवको उपलक्ष्यमा पुँजी बजारसम्बन्धी लेख विशेषांक प्रकाशन गर्ने, २० वर्षे सेवा अवधि पूरा गरेका कर्मचारीको सम्मान गर्ने लगायतका कार्यक्रम सहित वार्षिकोत्सव कार्यक्रम आयोजना गर्ने ।

२०. धितोपत्र बजारसम्बन्धी तथ्याङ्क संकलन व्यवस्थित गर्न केन्द्रीय तथ्याङ्क बैंकलाई परिष्कृत गरी नियमितरुपमा अद्यावधिक गर्ने ।

२१. पुँजी बजार सम्बन्धी सूचनाहरु प्रभावकारी ढंगले सम्प्रेषण गर्न बोर्डको webpage लाई बढी सूचनामूलक तथा स्तरीय बनाई User Friendly बनाउने ।

* * *

## अनुसूची

## बोर्डको आर्थिक वर्ष २०७३।७४ को धितोपत्र सम्बन्धी कार्यक्रमको प्रगति विवरण

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| १ | धितोपत्रको सार्वजनिक निष्काशन प्रकृयालाई सरल, पारदर्शी तथा छिटो छरितो बनाउन, प्राथमिक निष्काशनदेखि सूचिकरण हुन लाग्ने करीव ५ महिनाको समयावधिलाई कम गरी २ महिनाभित्र सम्पन्न गराउन र धितोपत्र निष्काशन लागत समेत न्यून गराउन सार्वजनिक निष्काशनमा Application Supported by Blocked Amount (ASBA) को व्यवस्था सम्बन्धी निर्देशिका बनाई लागू गर्ने तथा अन्य आवश्यक सुधार गर्ने । | धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणालीको व्यवस्था गर्न "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३" बनाई २०७३ माघ १ गतेदेखि लागू गरिएको । सोही वमोजिम यो सेवा प्रदान गर्न २०७४ आषाढ मसान्त सम्म ५२ वटा बैंक तथा वित्तीय संस्थाले अनुमति प्राप्त गरी देशका सम्पूर्ण जिल्लामा धितोपत्रको प्राथमिक बजारको पहुँच पुऱ्याउने गरी सेवा प्रदान गर्दै आएका छन् । |
| २ | विशेष नियमन निकाय नभएका सूचिकृत कम्पनीहरुद्वारा हकप्रद सेयर निष्काशन तथा थप सेयर निष्काशन (Further Public Offerings) गर्ने सम्बन्धमा अध्ययन गरी नीतिगत मापदण्ड (Policy Standard) तयार गर्ने । | यस सम्बन्धमा अध्ययन गरी नीतिगत मापदण्डहरु तयार गर्न विज्ञहरु सहितको एक समिति गठन भएकोमा उक्त समितिले मूल्य निर्धारणको लागि आधार तयार गरी प्रतिवेदन पेश गरेकोमा बोर्डबाट मिति २०७३।०४।२५ मा स्वीकृत भई हाल कार्यान्वयनमा आइसकेको । |
| ३ | गैर आवासीय नेपाली (Non Resident Nepalese) का लागि धितोपत्र बजारमा लगानी खुला गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक कार्यविधि बनाउने । | गैर आवासिय नेपाली (Non Resident Nepalese) का लागि धितोपत्र बजारमा खुला गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक कार्यविधि बनाउन बोर्डका कार्यकारी निर्देशकको संयोजकत्वमा एक समिति गठन भई कार्य भइरहेको । |
| ४ | बजारको आकार तथा जोखिममा भएको बृद्धि अनुसार बजारलाई थप सुसूचित बनाउन अर्को एक शाख मूल्याङ्कन संस्था स्थापना गर्न सहजीकरण गर्ने । | यस उद्देश्य अन्तर्गत थप एक शाख मुल्याङ्कन संस्था स्थापना गर्न २०७३।०८।२२ मा Credit Analysis and Research Limited, Mumbai, India लाई सहमति पत्र प्रदान गरिएको छ । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| ५ | सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाहरुबाट प्राप्त निवेदनहरुको अध्ययन गरी कोष दर्ता गर्ने तथा कोष सुपरीवेक्षकको कार्य गर्न चाहनेहरुलाई स्वीकृती प्रदान गर्ने । | **कोष सुपरीवेक्षक**<br>● लक्ष्मी बैंक लि. बाट स्थापना भएको **"लक्ष्मी म्युचुअल फण्ड"** को निम्न व्यक्तिलाई कोष सुपरीवेक्षकको कार्य गर्न मिति २०७३।०४।१० मा स्वीकृती प्रदान गरिएको छ ।<br>१. डा. त्रिलोचन उप्रेती<br>२. श्री नन्दन हरि शर्मा<br>● सिद्धार्थ बैंक लि. बाट स्थापना भएको **"सिद्धार्थ म्युचुअल फण्ड"** को निम्न व्यक्तिलाई कोष सुपरीवेक्षकको कार्य गर्न मिति २०७३।०७।०३ मा स्वीकृती प्रदान गरिएको छ ।<br>१. विश्वप्रकाश पण्डित<br>२. प्रताप प्रसाद प्रधान<br>● सिटिजन्स बैंक इन्टरनेसनल लि. बाट स्थापना भएको **सिटिजन्स म्युचुअल फण्ड**को कोष सुपरीवेक्षकको कार्य गर्न २०७४।०१।०५ मा स्वीकृति प्रदान गरिएको छ ।<br>१. प्रा. शिव प्रसाद मुनाकर्मी<br>२. परशुराम कुंवर क्षेत्री<br>३. विमल प्रसाद ढकाल<br>४. प्रकाश लम्साल<br>५. शंकर भट्टराई<br>**नोटः** श्री परशुराम कुंवर क्षेत्री को राजीनामाका कारण दिग्विजय विष्टलाई मिति २०७४।०४।१० कोष सुपरिवेक्षकको रुपमा स्वीकृति प्रदान गरिएको । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| | | • सानिमा बैंक लि. बाट स्थापना भएको **सानिमा म्युचुअल फण्डको** को कोष सुपरीवेक्षकको कार्य गर्न २०७४।०२।०१ मा स्वीकृति प्रदान गरिएको छ।<br>१. तीर्थ राज उपाध्याय<br>२. हेमन्त कुमार दवाडी<br>३. ख्याम नारायण ढकाल<br>४. माधव प्रसाद ढकाल<br>५. ललित बहादुर बस्नेत<br>• एन आई सी एशिया बैंक लि. बाट स्थापना भएको **एनआईसी एशिया बैंक म्युचुअल फण्ड**को कोष सुपरीवेक्षकको कार्य गर्न २०७४।०३।१३ मा स्वीकृति प्रदान गरिएको छ।<br>१. बाबुराम श्रेष्ठ<br>२. आशिष अधिकारी<br>३. वोधराज निरौला<br>४. रोशन शाक्य<br>५. शिवराज घिमिरे<br><br>**सामूहिक लगानी कोष दर्ता अन्तर्गत ३ बटा संगठित संस्थाको कोष दर्ता भएको छ।**<br>• सिटिजन्स् म्यूचूअल फण्ड (दर्ता मिति २०७३।१०।१४)<br>• सानिमा म्यूचूअल फण्ड (दर्ता मिति २०७३।१०।१४)<br>• एनआईसी एशिया बैंक म्यूचूअल फण्ड (दर्ता मिति २०७४।०२।०१) |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| ६ | धितोपत्र बजार, धितोपत्र दलाल, निष्काशन तथा बिक्री प्रबन्धक, सेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, प्रत्याभूतिकर्ता, योजना व्यवस्थापक, डिपोजिटरी, निक्षेप सदस्य, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने । | **क. मर्चेण्ट बैंकर अन्तर्गत निम्न किसिमको कार्य गर्न अनुमतिपत्र प्रदान गरिएको छ ।**<br>**१. श्री सिविआईएल क्यापिटल लि.**<br>**व्यवसायको किसिमः** निष्काशन तथा बिक्री प्रवन्ध,धितोपत्र प्रत्याभूति,सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन ।<br>**२. श्री सानिमा क्यापिटल लि.**<br>**व्यवसायको किसिमः** निष्काशन तथा बिक्री प्रवन्ध,धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन ।<br>**३. काठमाडौं क्यापिटल लि.**<br>**व्यवसायको किसिमः** निष्काशन तथा बिक्री प्रवन्ध, सेयर रजिष्ट्रेशन<br>**४. नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि.**<br>**व्यवसायको किसिमः** निष्काशन तथा बिक्री प्रवन्ध,धितोपत्र प्रत्याभूति,सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन ।<br>**५. रिलायवल क्यापिटल लि.**<br>**व्यवसायको किसिमः** सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन<br>**६. एन आई सी एशिया क्यापिटल लि.**<br>**व्यवसायको किसिमः** निष्काशन तथा बिक्री प्रवन्ध,धितोपत्र प्रत्याभूति,सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन<br>**७. आरविवि मर्चेण्ट बैंकिङ्ग लि.(टेकु, काठमाडौं)**<br>**व्यवसायको किसिमः** निष्काशन तथा बिक्री प्रवन्ध,धितोपत्र प्रत्याभूति, सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| | | **ख. निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्रदान गरिएका संस्थाहरु निम्न रहेका छन् ।**<br>● श्री नेशनल मर्चेण्ट बैंकर लि. ज्ञानेश्वर, काठमाडौं । दर्ता मिति २०७३।०८।१३<br>● श्री प्रोभिडेन्ट मर्चेण्ट बैंकिङ्ग लि. पेप्सीकोला, काठमाडौं । दर्ता मिति २०७३।०८।२१<br>**ग. योजना व्यवस्थापक, डिपोजिटरीको स्वीकृति**<br>● सिविआइएल क्यापिटल लि., डिल्लीबजार, काठमाडौं । दर्ता मिति २०७४।०३।२०<br>● सानिमा क्यापिटल लि., नक्साल, काठमाडौं । दर्ता मिति २०७४।०२।१४<br>● एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौं । दर्ता मिति २०७४।०३।१८<br>**अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण**<br>यस बोर्डबाट प्रदान गरिएको विभिन्न किसिमको अनुमतिपत्र/दर्ता प्रमाणपत्र आ.व. २०७३।०७४ मा निम्न अनुसार नवीकरण गरिएको छ ।<br>१. धितोपत्र बजार अन्तर्गत नेपाल स्टक एक्सचेन्जलाई प्रदान गरिएको अनुमतिपत्र नवीकरण भएको छ ।<br>२. धितोपत्र व्यवसायी अन्तर्गत ५० बटा धितोपत्र दलालको अनुमतिपत्र नवीकरण भएको छ ।<br>३. केन्द्रिय निक्षेप सेवा प्रदान गर्न केन्द्रिय निक्षेप कम्पनीलाई प्रदान गरिएको अनुमतिपत्र नवीकरण भएको छ ।<br>४. क्रेडिट रेटिङ्ग सेवा प्रदान गर्न क्रेडिट रेटिङ्ग एजेन्सी अन्तर्गत इक्रा नेपाल लि. लाई प्रदान गरिएको अनुमतिपत्र नवीकरण गरिएको छ ।<br>५. यस आ. व. २०७२।०७३ मा १७ वटा मर्चेण्ट बैंकरको अनुमतिपत्र नवीकरण गरिएको छ । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| | | ६. यस आ. व. २०७२।०७३ मा ६५ वटा निक्षेप सदस्यको अनुमतिपत्र नवीकरण गरिएको छ।<br>७. यस आ. व. २०७२।०७३ मा योजना व्यवस्थापक र डिपोजिटरी अन्तर्गत ६ वटा संस्थाको अनुमतिपत्र नवीकरण गरिएको छ।<br>८. यस आर्थिक वर्ष ५२ बटा बैंक तथा वित्तीय संस्थाहरुलाई अनुमति प्रदान गरिएकोमा केवल ४१ संस्थाको मात्र अनुमति नवीकरण गरिएको छ। |
| ७ | संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र विक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृती प्रदान गर्ने। | • समीक्षा अवधिमा १६ संगठित संस्थाहरुको धितोपत्र दर्ता गरी ४ अर्ब ७५ करोड रुपैयाँ बराबरको धितोपत्र दर्ता गरिएको छ। साथै ४ सूचिकृत कम्पनीको लागि करिब ८ अर्ब रुपैयाँ बराबरको थप निष्काशनको लागि अनुमति प्रदान गरिएको छ।<br>• १६४ सूचिकृत कम्पनीको ३४ अर्ब ८० करोड रुपैयाँ बराबरको बोनस सेयर दर्ता गर्नुका साथै ७६ सूचिकृत कम्पनीको ४५ अर्ब ६४ करोड रुपैयाँ बराबरको हकप्रद सेयर दर्ता गरी निष्काशन अनुमति प्रदान गरिएको छ।<br>• ४ सामूहिक लगानी योजनाको रु. ४ अर्ब २५ करोड बराबरको योजना दर्ता गरिएको छ।<br>• २४ कम्पनीको करिब ३३ अर्ब ६८ करोड रुपैयाँ बराबरको धितोपत्र पुन: दर्ता गरिएको छ। |
| ८ | नेपाल धितोपत्र बोर्डलाई अधिकार सम्पन्न बनाई धितोपत्र बजारको सशक्त नियमन निकायको रुपमा विकास गर्ने तथा कानुन प्रवलीकरण सम्बन्धी व्यवस्थाहरुलाई परिमार्जन गरी प्रभावकारी बनाउन धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई समसामयिक बनाई नयाँ ऐनको प्रारम्भिक मस्यौदा तयार गर्ने। | धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई सुधार गर्न अन्य मूलुकका प्रचलित कानुनी व्यवस्थासमेतको अध्ययनको लागि सम्बन्धित सामग्रीहरु संकलन गरिएको छ। |
| ९ | धितोपत्र सूचिकरण, कारोवार तथा हस्तान्तरणलाई थप व्यवस्थित तथा नियमित गराउन धितोपत्र सूचीकरण, कारोबार तथा हस्तान्तरण नियमावलीको मस्यौदा तयार गर्ने। | धितोपत्र सूचीकरण, कारोबार तथा हस्तान्तरण नियमावलीको प्रारम्भिक मस्यौदा तयारी भैरहेको। |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| १० | धितोपत्र दलाल व्यवसायी को कार्यक्षेत्र विस्तार गर्नका लागि धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावलीमा आवश्यक संशोधन गर्ने । | • धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को अनूसुची १४ मा २०७३।०४।०५ बाट संशोधन लागू गरिएको ।<br>• धितोपत्र व्यवसायीको शाखा खोल्ने तथा पुँजी, पूर्वाधार सम्बन्धी उक्त नियमावलीको पहिलो संशोधन २०७४।०४।०३ बाट लागू गरिएको । |
| ११ | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को कार्यक्षेत्र विस्तार गर्नका लागि धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावलीमा आवश्यक संशोधन गर्ने । | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा मर्चेन्ट बैंकरको कार्यक्षेत्र, पुँजी तथा पूर्वाधार लगायतका विषयमा समसामयीक सुधार गर्न पहिलो संशोधनको प्रस्ताव स्वीकृतिका लागि अर्थमन्त्रालय पठाइएको । |
| १२ | नयाँ धितोपत्र दर्ता तथा निष्काशन नियमावली स्वीकृत भई आए पश्चात धितोपत्र निष्काशन निर्देशिकालाई समसामयिक रुपमा संशोधन गर्ने । | • धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मंसिर १ देखि लागू गरिएको । सो मा पहिलो संशोधन गरि २०७४।०१।२२ देखि लागू गरिएको ।<br>• धितोपत्र निष्काशन निर्देशिका, २०६५ लाई प्रतिस्थापन गर्ने गरी धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तुर्जमा गरी जेष्ठ १२ देखि लागू गरिएको । |
| | | • धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ निर्माण गरि २०७३।१०।०१ गतेदेखि लागू गरिएको । सो मा पहिलो संशोधन २०७३।१०।०४ मा र दोस्रो संशोधन २०७३।१२।२७ गतेदेखि गरी लागू गरिएको । |
| १३ | सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासनमा सुधार ल्याउन संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गर्ने । | संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार भैरहेको । |
| १४ | नेपाल धितोपत्र बोर्डबाट मस्यौदा गरी अन्तिम रुप दिइएको कमोडिटी बजारको नियमन गर्ने सम्बन्धी विधेयकको विधायन प्रकृया पुरा भई आएपश्चात सो लागू गर्न नियमावलीको मस्यौदा तथा अन्य आवश्यक कार्य गर्ने । | कमोडिटी बजार नियमन गर्ने सम्बन्धी विधयेक व्यवस्थापिका संसदमा विचाराधिन रहेको । |
| १५ | धितोपत्र बजार तथा धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीबाट बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली तथा विनियमावली संशोधनको पुनरावलोकन गरी स्वीकृत गर्ने । | धितोपत्रको केन्द्रीय निक्षेप विनियमावली, २०६८ को दोस्रो संशोधन २०७३।१०।२७ मा र धितोपत्र राफसाफ तथा फछ्र्योट विनियमावली, २०६९ को दोस्रो संशोधन २०७३।१०।२७ मा स्वीकृत गरिएको । |

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
| --- | --- | --- |
| १६ | लगानीकर्ताको धितोपत्र सम्बन्धी गुनासाहरुको छानविन तथा समाधान सम्बन्धमा आवश्यक कार्य गरी विवरण तयार गर्ने । | लगानीकर्ताबाट बोर्डमा (लिखित, फोन तथा इमेल मार्फत) प्राप्त १७३ वटा गुनासाहरुको सम्बन्धमा आवश्यकता अनुसार छानविन गर्ने तथा आवश्यक निर्देशन जारी गरीएकोमा आ.व. २०७३।७४ को अन्त्यमा १३ वटा गुनासा समाधानको प्रकृयामा रहेको । |
| १७ | धितोपत्र सम्बन्धी कसूरका सम्बन्धमा आवश्यकता अनुसार अनुसन्धान तथा तहकीकात गर्ने र ऐन नियमको पालना नगर्ने पक्षहरु उपर धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था अनुसार आवश्यक कारवाही अगाडि बढाउने तथा बोर्ड पक्ष वा विपक्ष भएका मुद्दा मामिला सम्वन्धी कार्य गर्ने । | • यस अवधिमा सर्बोच्च अदालतमा बोर्ड विरुद्दको ९ वटा (रिट) मुद्दामा १ वटा फिर्ता, २ वटा मुद्दा तामेलीमा गएको र ३ वटा मुद्दा खारेज भएको । ३ वटा मुद्दा चालु अवस्थामा रहेकोमा पेशि तथा तारेखमा रहि मुद्दाको पुर्पक्ष भैरहेको ।<br>• त्यसै गरी उच्च अदालत पाटनमा बोर्ड विरुद्दका ५ बटा मुद्दा मध्ये २ वटा नयाँ मुद्दा दर्ता भै लिखित जवाफ पेश गरिएकोमा २ समेत गरी ४ वटै मुद्दा खारेज भएको र १ वटा मुद्दामा जिल्ला अदालतको फैसला नै सदर भएको ।<br>• बोर्डको तहकिकात अधिकारीको प्रतिवेदन बमोजिम धितोपत्र सम्बन्धी कसुरमा सजाय गर्न अभियोग पत्र दर्ता गर्ने सम्बन्धमा सरकारी वकिलको कार्यालय ववरमहलमा राय माग गरिएकोमा मुद्दा दायर गर्ने राय प्राप्त भए बमोजिम चिलिमे हाईड्रोपावर कम्पनीको नक्कली सेयर कारोबार (धितोपत्र सम्बन्धी कसूर) सम्बन्धमा गोविन्द घिमिरे विरुद्द काठमाडौं जिल्ला अदालतमा २०७४।०३।२३ मा अभियोग पत्र दायर गरिएको ।<br>• नक्कली सेयर कारोबार गरेको सम्बन्धमा जरिवाना गर्ने बोर्डको निर्णय बमोजिम जारिवाना गर्ने सम्बन्धमा सफाई पेश गर्न अग्रवाल सेक्यूरिटिज प्रा.लि, तथा भुवनेश्वर यादव, सिप्रवि सेक्यूरिटिज प्रा.लि. तथा सतिश कुमार श्रेष्ठ र श्रीहरि सेक्यूरिटिज प्रा.लि. तथा तत्कालिन प्रबन्धक सन्दीप जलाललाई जरिवाना गर्ने सम्बन्धमा पत्राचार गरिएको ।<br>• १४ वटा धितोपत्र व्यवसायी मर्चेन्ट वैकर कम्पनीको प्रबन्धपत्र नियमावली संशोधन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयलाई रायप्रतिकृया प्रदान गरेको ।<br>• नेपाल धितोपत्र बोर्ड खरीद नियमावली, २०७४ स्वीकृतिको लागि नेपाल सरकार, अर्थमन्त्रालयमा पठाईएको । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| १८ | नेपाल धितोपत्र बोर्डको कर्मचारी सेवा शर्त सम्बन्धी सामान्य सिद्धान्त तयार गर्ने तथा लोक सेवा आयोगको सामान्य सिद्धान्तसँग सामञ्जस्यता हुने गरी नेपाल धितोपत्र बोर्डको कर्मचारी सेवा शर्त सम्बन्धी व्यवस्थाहरु गर्न नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ मा समसामयिक संशोधन गर्ने । | नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ मा समसामयिक संशोधनको लागि एक उपसमिति गठन भएको र उक्त उपसमितिबाट आवश्यक कार्य भैरहेको । |
| १९ | बोर्डको आफ्नै कार्यालय भवन बनाउन आवश्यक व्यवस्था गर्ने । | यस सम्बन्धमा यस आर्थिक वर्षमा कुनै काम हुन नसकेको । |
| २० | बोर्डको नयाँ संगठन संरचना अनुसार आवश्यक थप जनशक्ति व्यवस्थाका लागि दरबन्दी स्वीकृति प्रकृया अगाडि बढाउने । | यस सम्बन्धमा स्वीकृत दरबन्दी अनुसार विभिन्न समूहमा सहायक देखी अधिकृत तहसम्मका लागि १४ जना जनशक्तीको स्थायी परिपूर्तिका लागि लोक सेवा आयोगबाट लिखित परीक्षा सम्पन्न भैसकेको । |
| २१ | बोर्डको वार्षिक बजेट तयार गर्ने तथा सो अनुसार भए गरेका काम कारवाहीहरुको प्रत्येक चौमासिक अवधिमा पुनरावलोकन गर्ने । | नेपाल धितोपत्र बोर्डको आ.व.२०७३।०७४ को वार्षिक बजेट तर्जुमा गरि हरेक चौमासिकमा आन्तरिक लेखापरिक्षण संगसंगै लक्ष्य प्राप्तीको अवस्था तथा बजेटको कार्यान्वयन समीक्षा गरि आवश्यक पुनरावलोकन गरिएको । साथै, बोर्डले आफ्नो रजत जयन्ती कार्यक्रमको लागी पुरक बजेट तथा अन्य केहि शिर्षकमा बजेट समायोजन गरि बजेटलाई अध्यावधिक गरिएको । |
| २२ | धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षणलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन Supervision Manual तयार गर्ने । | • Supervision Manua को प्रारम्भिक खाका तयार भैसकेको तथा कानुन तथा प्रवलीकरण समिति समक्ष पेश भई अन्तिम चरणमा रहेको । |
| २३ | धितोपत्र खरिद बिक्री सम्बन्धमा लगानीकर्ताहरुको आदेशको कार्यान्वयन, कारोवार राफसाफ तथा फछ्र्यौट (उपत्यका बाहिर समेत) तथा ऐन नियमको पालना सम्बन्धमा कम्तिमा ५० प्रतिशत धितोपत्र दलाल व्यवसायीको स्थलगत निरीक्षण गर्ने । | • धितोपत्र दलाल व्यवसायीहरुको पूर्वाधार, सेवाको अवस्था, राफसाफ, ग्राहक पहिचान लगायतमा यस महाशाखाबाट २६ वटा धितोपत्र दलाल व्यवसायीहरुको सुपरिवेक्षण गरिएको साथै नौ(९) धितोपत्र दलाल व्यवसायीहरुलाई कारवाहीको लागी सिफारिस गरिएको तथा सात (७) धितोपत्र दलाल व्यवसायीहरुलाई स्पष्टिकरण माग गरिएको ।<br>• निरीक्षणबाट देखिएका कमी कमजोरीहरुको अवस्थाका सम्बन्धमा पुन निरीक्षण गरिएको र सामान्य सुधार भएको । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| २४ | धितोपत्रको निष्काशन, बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी काम कारवाहीहरु धितोपत्र सम्बन्धी ऐन नियम बमोजिम भए नभएको सम्बन्धमा कम्तिमा ५० प्रतिशत मर्चेन्ट बैंकरहरुको स्थलगत निरीक्षण गर्ने । | ● धितोपत्रको बांडफांड सम्बन्धमा विभिन्न मर्चेन्ट बैंकरहरुको बांडफांडमा पर्यवेक्षक खटाइ नियमित निरीक्षण गरीएको । यस आ. व. मा १४ वटा मर्चेन्ट बैंकहरुको स्थलगत निरीक्षण गरिएको । |
| | | ● सिद्धार्थ क्यापिटलको विक्री प्रबन्धकत्वको निष्काशनहरु अरुण कावेली हाइड्रो, नेपाल लाइफ इन्सुरेन्स कम्पनीको उपत्यका बाहिरका विभिन्न संकलन केन्द्रहरुमा तथा धितोपत्रको निष्काशनमा हाल ASBA प्रणाली लागु भएकोमा ASBA मार्फत निष्काशन भएका फरवार्ड कम्युनिटी माइक्रोफाईनान्स, युनाईटेड मोदी हाइड्रो तथा स्टाडर्ण्ड चार्टड बैंक, युनाइटेड मोदी हाइड्रो, माहुली सामुदायीक लघुवित्त, स्वदेशि सामुदायीक लघुबित्त, छ्याङ्दी हाइड्रो, हिमालयन पावर पार्टनरको निष्काशनमा समेत उपत्यका बाहिर का विभिन्न स्थानहरुमा तथा उपत्यकामा निरीक्षण गरिएको । तथा धितोपत्रको हकप्रद निष्काशनमा ६ वटा मर्चेन्ट बैंकहरुको स्थलगत सुपरिवेक्षण गरिएको ।<br>● मर्चेन्ट बैंकरहरुको स्थलगत तथा गैह्रस्थलगत सुपरिवेक्षण गर्दा कैफियत देखिएकोमा यस महाशाखाबाट चार (४) मर्चेन्ट बैंकरलाई कारवाहीको लागी सिफारिस गरिएको तथा पन्ध्र (१५) मर्चेन्ट बैंकरलाई सचेत गराइएको । |
| २५ | मर्चेण्ट बैंकरको विवरण प्रवाह प्रारुप (Reporting Format) विकास गर्ने । | ● धितोपत्र व्यवसायीहरुको विवरण प्रवाहको अवस्थालाई अझ व्यवस्थित बनाउन मर्चेन्ट बैंकरहरुले पठाएका आ.व. २०७२।०७३ को विवरण रिभ्यू गरी त्यसमा केही सुझावहरु समेत राखी Reporting Format को प्रारम्भिक प्रारुप तयार गरी छलफलका निम्ती अगाडि बढाइएको छ । छलफलबाट प्राप्त सुझावहरुको आधारमा पुःन परिमार्जनका लागि पेश गरिएको । |

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| २६ | धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर तथा साख निर्धारण सेवाको वित्तीय विवरण प्रवाह, वार्षिक साधारण सभा, सूचना प्रवाह तथा अन्य कार्यको गैरस्थलगत सुपरिवेक्षण गर्ने । | • धितोपत्र दलाल व्यवसायीहरुको त्रैमासिक विवरण प्रवाहको नियमित अनुगमन गरीएको साथै मर्चेन्ट बैंकरहरुको बार्षिक तथा अर्धवार्षिक विवरण समयमै प्राप्त भइरहेको । |
| २७ | धितोपत्र बजारमा कारोवार हुने सूचिकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेञ्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने । | • धितोपत्र कारोवारको Real Time Surveillance गर्ने गरिएको तथा सोही सर्न्दभमा कारोबार विवरणको सुक्ष्म विश्लेषण गर्दा कैफियत देखिएका दुई धितोपत्र दलाल व्यवसायीको कारोबार रोक्का गरिएको, एभरेष्ट ईन्स्योरेन्स तथा नेशनल हाईड्रो पावर कम्पनीको धितोपत्र कारोवार रोक्का गरिएको तथा आठ (८) धितोपत्र दलाल व्यवसायीहरुसँग स्पष्ट जवाफ माग गरिएको । |
| २८ | धितोपत्र कारोवार राफसाफलाई व्यवस्थित तथा कारोवार रकम भुक्तानी सुनिश्चित गर्न Settlement Guarantee Fund स्थापना तथा Auction Market को व्यवस्था गर्न सहजीकरण गर्ने । | **धितोपत्र कारोवार राफसाफ सम्बन्धमा:**<br>धितोपत्र कारोवारको राफसाफ व्यवस्तिथ गर्ने क्रममा थप तीनवटा राफसाफ बैंक थप गरी संचालन गर्न अनुमति दिइएको ।<br>**Settlement Guarentte Fund स्थापना सम्बन्धमा:**<br>धितोपत्र कारोवार राफसाफलाई व्यवस्थित गर्न तथा कारोवार रकम भुक्तानी सुनिश्चित गर्न Settlement Guarantee Fund स्थापना गर्ने सम्बन्धमा आवश्यक कार्यविधि तयार गर्न सिडिएसएल लि. लाई निर्देशन दिइएको । उपर्युक्त कार्यविधि नेपाल स्टक एक्स्चेन्ज लि.ले तयार गरी बोर्डमा पेश गरेको । |
| २९ | निक्षेप सदस्यको सेवा प्रवाह (उपत्यका बाहिर समेत) तथा ऐन नियमको पालना सम्बन्धमा कम्तिमा ५० प्रतिशत निक्षेप सदस्यको स्थलगत निरीक्षण गर्ने । | आर्थिक वर्ष २०७२।७३ मा काठमाडौं स्थित १० तथा पोखरा, नारायणघाट, बिराटनगर तथा बागलुङ्गसमेतका स्थानहरुबाट कुल २४ समेत गरी कुल ३४ वटा निक्षेप सदस्यहरुको निक्षेप सेवा सम्बन्धमा भए/गरेका कामकारवाहीको स्थलगत अनुगमन गरिएको । निक्षेप सेवाका सम्बन्धमा देखिएका समस्या तथा उक्त सेवालाई थप व्यवस्थित गर्ने सम्बन्धमा सुझाव सहित अनुगमन प्रतिवेदन तयार गरी बोर्ड अध्यक्षज्यु समक्ष पेश गरिएको । |

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| ३० | सामूहिक लगानी कोषको लगानी व्यवस्थापन तथा अन्य काम कारवाही सम्बन्धमा कम्तिमा ५० प्रतिशत योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको काम कारवाहीहरुको स्थलगत निरीक्षण गर्ने। | सामूहिक लगानी कोषको लगानी व्यवस्थापन, योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको काम कारवाहीहरुको स्थलगत निरीक्षण गर्ने गरिएको । |
| ३१ | धितोपत्रको दोस्रो बजारलाई काठमाडौं उपत्यका बाहिर विस्तार गर्न Online Trading प्रणालीको व्यवस्था गर्न सहजीकरण गर्ने | Online Trading प्रणालीको व्यवस्था गर्न सहजीकरण गर्ने सन्दर्भमा आवश्यक पहल भैरहेको । |
| ३२ | केन्द्रीय निक्षेप सेवा तथा निक्षेप सदस्यको विवरण प्रवाह प्रारुप (Reporting Format) विकास गर्ने । | ● केन्द्रीय निक्षेप सेवा तथा निक्षेप सदस्यले बोर्डमा पेश गर्नु दस्तुर तथा शुल्कमा एकरुपता कायम गर्न तथा उक्त दस्तुर तथा शुल्क गणना गर्न सहजता पुर्‍याउने कार्यको लागि एक प्रारुप (format) तयार गरिएको र सो लागू गर्ने सम्बन्धमा छलफलको क्रममा रहेको ।<br>● साथै, केन्द्रीय निक्षेप सेवा तथा निक्षेप सदस्यले बोर्डमा पेश गर्नुपर्ने मासिक तथा वार्षिक दस्तुर तथा शुल्क नियमानुसार भए/नभएको सम्बन्धमा नियमित अनुगमन गर्दै आएको। नियमानुसार दस्तुर पेश नगर्ने निक्षेप सदस्यलाई नियमानुसार दस्तुर पेश गर्न निर्देशन दिदै आएको। |
| ३३ | धितोपत्र बजार, सूचिकृत कम्पनी, सामुहिक लगानी कोष, निक्षेप सेवाको वित्तीय विवरण प्रवाह, वार्षिक साधारण सभा, सूचना प्रवाह तथा अन्य कार्यको गैरस्थलगत सुपरिवेक्षण गर्ने। | **धितोपत्र बजार:**<br>● नेपाल स्टक एक्सचेन्ज लि. को सूचना प्रवाहको सम्बन्धमा गैर स्थलगत सुपरिवेक्षण गरिदै आएको। तोकिएको समयसिमा भित्र सूचना तथा विवरण प्राप्त नभएको अवस्थामा धितोपत्र बजारलाई सूचना तथा विवरण तोकिएको समयभित्र पेश गर्न पत्राचार गरिदै आएको।<br>● नेपाल स्टक एक्स्चेन्ज लि.बाट आर्थिक वर्ष २०७३।७४ को वार्षिक साधारण सभा सम्बन्धी जानकारी तथा साधारण सभामा पेश गर्ने विषय वस्तुको वारेमा २०७३।०८।०३ मा बोर्डलाई जानकारी पेश गरेको । उक्त लि.बाट मिति २०७३।०७।०९ मा वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण बोर्डमा पेश गरेको साथै उक्त आर्थिक वर्षको प्रथम ८ महिनाको कारोवार सम्बन्धी विवरण २०७३।१२।१३ मा प्राप्त भएको ।<br>● आर्थिक वर्ष २०७३।७४ को वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन २०७४ आश्विन मसान्तभित्र बोर्डमा पेश गर्नुपर्ने समयसिमा रहेको । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| | | **सिडिएस :**<br>● सिडिएसको सूचना प्रवाहको सम्बन्धमा गैर स्थलगत सुपरिवेक्षण गरिदै आएको ।<br>● मिति २०७३।०५।०७ गते आर्थिक वर्ष २०७२।७३ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको । सिडिएसबाट मिति २०७३।१०।१९ गते आर्थिक वर्ष २०७३।७४ को दोस्रो त्रैमासिक प्रगति विवरण प्राप्त भएको । तेस्रो त्रैमासिक प्रगति विवरण मिति २०७४।०१।१३ गते बोर्ड समक्ष पेश गरिएको । आर्थिक वर्ष ०७२।७३ को तथा छैठौं वार्षिक सधारण सभाको जानकारी तथा सभाको विषय सूची सम्बन्धी जानकारीका मिति २०७३।०९।२१ गते प्राप्त भएको । उक्त लि.को वार्षिक प्रतिवेदन मिति तथा साधारण साको निर्णय मिति २०७३।१२।०२ मा प्राप्त हुन आएको । आर्थिक वर्ष २०७३।७४ को लागि लेखापरीक्षक नियुक्त गरिएको सम्बन्धी जानकारी मिति २०७३।१२।२ पेश गरेको ।<br>● धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा भएको तेस्रो संशोधन सम्बन्धी जानकारी मिति २०७३।११।१५ मा बोर्डलाई गराएको ।<br>● राफसाफ सदस्यको रुपमा तीनवटा संगठित संस्थाहरु थप गरी कार्य अगाडी बढाएको जानकारी मिति २०७३।१२।०७ मा प्राप्त भएको ।<br>● आर्थिक वर्ष २०७३।७४ को वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन २०७४ आश्विन मसान्तभित्र बोर्डमा पेश गर्नुपर्ने समयसिमा रहेको ।<br>**सूचिकृत कम्पनीको विवरण प्रवाह**<br>आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रतिवेदन ३३ सूचिकृत कम्पनीले समयमै बुझाएको र ९२ सूचिकृत कम्पनीले ढिलो गरी बुझाएको साथै आर्थिक वर्ष २०७३।७४ को तेस्रो त्रैमासको वित्तीय विवरण ८५ सूचिकृत कम्पनीले समयमै, ४३ सूचिकृत कम्पनीले ढिलो गरी बुझाएका छन् । |

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| | | **निक्षेप सदस्य:**<br>● निक्षेप सदस्यहरुको सूचना प्रवाहको सम्बन्धमा गैर स्थलगत सुपरिवेक्षण गरिदै आएको । तोकिएको समयमसिमाभित्र सूचना तथा विवरण प्राप्त नभएको अवस्थामा धितोपत्र निक्षेप सदस्यहरुलाई पत्र काटी सूचना तथा विवरण तोएिको समयभित्र पेश गर्न र पेश नगरिएका सूचना तथा प्रतिवेदन पेश गर्न पत्राचार गरिदै आएको । बोर्डबाट अनुमति प्राप्त गरेका कुल निक्षेप सदस्यको संख्या ६८ रहेकोमा ६० वटाले निक्षेप सदस्यको रुपमा कार्य गर्दै आएको । आर्थिक वर्ष २०७२।७३ को वित्तीय विवरण बुझाउने निक्षेप सदस्यहरुको संख्या ५८ रहेको ।<br>● आर्थिक वर्ष २०७३।७४ को वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन २०७४ आश्विन मसान्तभित्र बोर्डमा पेश गर्नुपर्ने समयसीमा रहेको ।<br>**सामुहिक लगानी कोष**<br>● सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ (३) मा व्यवस्था भए बमोजिम प्रत्येक योजना व्यवस्थापकले आफूले संचालन गरेको योजनाको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र कोष सुपरिवेक्षक तथा बोर्ड समक्ष पेश गर्नुपर्नेमा, कोष व्यवस्थापकहरुले प्रत्येक त्रैमासको अन्तिम महिनाको मासिक विवरणलाई नै त्रैमासिक विवरणको रुपमा बोर्ड समक्ष बुझाउदै अइरहेकोमा बोर्डबाट त्रैमासिक विवरण छुट्टै पेश गर्न निर्देशन दिइएको ।<br>● सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ (६) मा व्यवस्था भए बमोजिम कोष सुपरिवेक्षकले प्रत्येक अर्ध वार्षिक अवधि समाप्त भएको पैतालीस दिन भित्र कोष सुपरिवेक्षण सम्बन्धी कामको अर्ध वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्नेमा, आ. व. २०७३/७४ को प्रथम अर्ध वार्षिक प्रतिवेदन सबै कोष सुपरिवेक्षकहरुबाट समयमा नै प्राप्त भएको । |

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| | | • सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ४३ (१) मा व्यवस्था भए बमोजिम योजना व्यवस्थापकले प्रत्येक योजना सम्बन्धी आफूले गरेका कामको विवरणहरु सो महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरीवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गर्नुपर्नेमा, सबै योजना व्यवस्थापकबाट उक्त बमोजिमको विवरण समयमा नै प्राप्त गरिएको ।<br>• योजना व्यवस्थापकले आफूले संचालन गरेका योजनाको रकम मध्ये बैक मुद्धती खातामा गरेको लगानी सम्बन्धमा विवरण मागिएकोमा, सम्पूर्ण योजना व्यवस्थापकहरुले यस सम्बन्धी विवरण पेश गरेको । |
| ३४ | धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसियट सदस्यता लिदा IOSCO को Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्ने सम्बन्धमा तयार गरिएको कार्य योजना (Action Plan) मा समावेश MMoU सँग सम्बन्धित प्रश्नावली तयार पार्ने, IOSCO सँग MMoU मा हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक विषयहरुको जानकारीको लागि पत्राचार गर्ने, IOSCO को MMoU टोलीसँगको समन्वयमा MMoU को प्रश्नावलीको जवाफ तयार गर्ने र आवश्यक कागजात तथा सूचनाहरु तयार गरी MMoU मा हस्ताक्षर गर्न निवेदन दिने । साथै, नेपालको पुँजी बजारको अन्तर्राष्ट्रियकरणका लागि पुँजी बजार सम्बन्धी अन्य क्षेत्रिय तथा विश्वस्तरका निकायहरुसँग सम्बन्ध विकास गर्ने । | धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसियट सदस्यता लिदा IOSCO को Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्ने सम्बन्धमा MMoU सँग सम्बन्धित प्रश्नावली तयार पार्ने, IOSCO सँग MMoU मा हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक विषयहरुको जानकारीको लागि पत्राचार गर्ने, IOSCO को MMoU टोलीसँगको समन्वयमा MMoU को प्रश्नावलीको जवाफ तयार गर्ने कार्य भैसकेको र आवश्यक कागजात तथा सूचनाहरु तयार गरी MMoU मा हस्ताक्षर गर्न IOSCO लाई निवेदन पेश गरिएको । |

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
| --- | --- | --- |
| ३५ | धितोपत्र व्यवसायीहरुको शिप दक्षता अभिबृद्धि गर्न र पुँजी बजार सम्बन्धी शैक्षिक कार्यक्रमहरुलाई संस्थागत रुपमा संचालन गर्नका लागि Securities Market Training Institute स्थापना सम्बन्धमा अध्ययन गरी स्थापना कार्य अगाडि बढाउने । | Securities Market Training Institute स्थापना सम्बन्धमा आवश्यक अध्ययन कार्य भैरहेको । |
| ३६ | धितोपत्र बजार विकास तथा विस्तारको लागि देहाय बमोजिमका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउनेः<br>(क) सार्वजनिक निष्काशनमा बजारबाट प्रतिस्पर्धात्मक रुपमा धितोपत्रको मूल्य निर्धारण गराउन Book Building Mechanism को व्यवस्था सम्बन्धमा,<br>(ख) मर्चेन्ट बैंकरहरुको कार्यक्षेत्र विस्तार तथा थप मर्चेन्ट बैंकरको आवश्यकता सम्बन्धमा,<br>(ग) Investment Company को संरचना, संचालन तथा नियमन सम्बन्धमा,<br>(घ) सूचीकृत संगठित संस्थाहरुको सूचना प्रवाहको व्यवस्था तथा अभ्यास सम्बन्धमा ।<br>(ङ) सामूहिक लगानी कोषको हालको स्थिति तथा संभावना सम्बन्धमा ।<br>(च) दोस्रो बजार कारोवार तथा मूल्यको उतार चढाव (Volatility) सम्बन्धमा । | उल्लेखित विषयमा अध्ययन गर्ने क्रममा निम्न ५ विषयहरुको अध्ययन कार्य सम्पन्न गरी नीतिगत राय पेश गरिएको छः<br>• मर्चेन्ट बैंकरहरुको कार्य क्षेत्र विस्तार तथा थप मर्चेन्ट बैंकरको आवश्यकता,<br>• सूचिकृत संगठित संस्थाहरुको सूचना प्रवाहको व्यवस्था तथा अभ्यास,<br>• सामूहिक लगानी कोषको हालको स्थिति तथा संभावना,<br>• दोस्रो बजार कारोवार तथा मूल्यको उतार चढाव (Volatility),<br>• धितोपत्रको दोस्रो बजारमा लगानी कम्पनीहरुको अवस्था ।<br>धितोपत्रको दोस्रो बजारमा लगानी कम्पनीहरुको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, सम्पति शुद्धिकरण विभागमा समेत जानकारीको लागि पठाइएको छ । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| ३७ | धितोपत्र बजारलाई बढी सुसुचित बनाउन पुँजी बजार सम्बन्धी तथ्यांकहरु समावेश गरी अंग्रेजी तथा नेपालीमा Monthly Securities Market Indicator तथा बोर्डको परिचय प्रकाशन गर्ने । | • धितोपत्र बजार तथा बोर्ड सम्बन्धी जानकारी दिने उद्देश्यले **"नेपाल धितोपत्र बोर्ड एक परिचय"** नेपाली र अग्रेजीमा प्रकाशन गरिएको,<br>• बोर्डको रजतजयन्तीको अवसर पारेर धितोपत्र बजार सम्बन्धी तथ्याङ्कहरु समावेश गरी **Quarterly Securities Market Indicator** को प्रकाशन शुरु गरिएको । |
| ३८ | विद्यमान जनशक्तिलाई Securities and Exchange Board of India/National Institute of Securities Markets का विज्ञ मार्फत् पुँजी बजार सम्बन्धी गहन तालिमको व्यवस्था गरी कार्यक्षमता अभिवृद्धि गर्ने । | Securities and Exchange Board of India का महाप्रबन्धक बि.एन. साहूको नेतृत्वमा आएको तीन सदस्यीय विज्ञ टोलीद्वारा बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धमा बोर्डका कुल ३५ कर्मचारीलाई मिति २०७३।११।०४ देखि ०६ गतेसम्म ३ दिने गहन तालिम कार्यक्रम सम्पन्न गरिएको । |
| ३९ | बोर्डमा रहेको Central Securities Data Bank of Nepal (CSDBN) लाई थप परिष्कृत गरी पुँजी बजार सम्बन्धी तथ्यांक बैंकलाई आधिकारिक तथा User Friendly बनाउने । | CSDBN लाई थप परिष्कृत तथा व्यवस्थित बनाउन तथ्याङ्क संकलन कार्यलाई नियमित र व्यवस्थित बनाउने प्रयास भैरहेको छ साथै तथ्याङ्कहरुलाई सुरक्षित रुपमा राख्ने र सहजै उपलब्ध गराउने उद्देश्यले एउटा छुट्टै Desktop Computer को व्यवस्था गरी सोमा हालसम्म संकलन भैसकेका तथ्याङ्कहरु Input गर्ने कार्य भैरहेको । |
| ४० | पुँजीबजार सम्बन्धी अध्ययन अनुसन्धान कार्यलाई सहजीकरण गर्न बोर्डको पुस्तकालय व्यवस्थित गर्ने । | बोर्डको पुस्तकालय व्यवस्थित गर्ने सम्बन्धमा हाल सञ्चालनमा नरहेको पुस्तकालयमा भएका पुस्तकहरुको अभिलेख राख्ने कार्य भैरहेको । पुस्तकालयका सामग्रीहरुलाई व्यवस्थित र सुरक्षित राखी अध्ययन कार्यलाई प्रभावकारी बनाउनको लागि पुस्तकालयमा आवश्यक संरचनाको विकास र एक कर्मचारी आवश्यक रहेको सन्दर्भमा बोर्डको नयाँ भवनमा सर्ने कुरा निचोडमा पुगेसँगै तथा थप नयाँ कर्मचारी भर्ना भएसँगै पुस्तकालयको प्रभावकारी व्यवस्थापन कार्य अघि बढाउने योजना रहेको । |
| ४१ | धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको लगानी सम्बन्धमा सचेतताको स्तर अभिबृद्धि गर्न देशका विभिन्न स्थानहरुमा कम्तीमा १५ वटा लगानीकर्ता प्रशिक्षण तथा अर्न्तकृया कार्यक्रमहरु संचालन गर्ने । | लगानीकर्ता सचेतनामा जोड दिदै आएको बोर्डले समीक्षा अवधिमा देशका मध्य पश्चिम तथा सुदुर पश्चिमका दुर्गम जिल्ला लगायत अन्य विभिन्न स्थानमा गरी २१ वटा लगानीकर्ता प्रशिक्षण तथा सचेतना कार्यक्रम सञ्चालन गरेको छ जसमा करिब २४०० जनाको सहभागिता रहेको थियो । |

| क.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| ४२ | धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम तर्जूमा र धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यकता अनुसार नेपाल सरकार समक्ष राय सुझाव प्रस्तुत गर्ने । | नेपाल सरकारबाट माग भए बमोजिम धितोपत्र बजारको वर्तमान अवस्था, बजार विकास तथा विस्तारको लागि निम्नलिखित विषयमा बोर्डको राय तथा सुझाव पेश गरिएको :<br>● अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाबाट माग भए बमोजिम **चौधौं योजनामा समावेश हुने पुँजी बजार सम्बन्धी विस्तृत विवरण** तयार गरी पठाइएको ।<br>● १४ औं त्रिवर्षीय योजना सम्बन्धमा अर्थ मन्त्रालयको अनुगमन महाशाखाले आयोजना गरेको छलफल कार्यक्रममा सहभागी भई **१४ औं त्रिवर्षीय योजनामा समावेश गरिएको पुँजी बजार सम्बन्धी विषयवस्तुहरुमा थप स्पष्ट** गरिएको ।<br>● नयाँ सरकार गठन भएपश्चात बोर्डबाट **बजार सुधार तथा विकास विस्तारको लागि १०० दिनमा सम्पन्न गरेको कामकारवाहीको** विवरण तयार गरी पेश गरिएको ।<br>● **“आर्थिक वर्ष २०७३।७४ को प्रथम ६ महिनाको पुँजी बजारको स्थिति”** विषयमा प्रतिवेदन तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको ।<br>● **“धितोपत्र बजारमा हालसाल भएका सुधार तथा विकास र भावी कार्यक्रम”** विषयमा प्रतिवेदन तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको ।<br>● **आर्थिक सर्वेक्षण २०७३।७४** को लागि धितोपत्र बजार सम्बन्धी आवश्यक विवरणहरु तयार गरी पेश गरिएको ।<br>● **वित्तीय क्षेत्र विकास रणनीतिमा उल्लेखित कार्यको कार्यान्यवन स्थिति तथा कार्ययोजनाको खाका** वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयन समितिलाई अवगत गराउँदै नेपाल राष्ट्र बैंकमा पठाइएको ।<br>● राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालयमा **धितोपत्र बजार सम्बन्धमा राजस्व तथा कर नीति सम्बन्धी सुझावहरु** पेश गरिएको । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| | | • आ.व. २०७४।७५ मा **नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने धितोपत्र बजार सम्बन्धी विषयवस्तुहरु** तयार गरी पेश गरिएको ।<br>• **आ.व. २०७४।७५ को मौद्रिक नीतिका सम्बन्धमा** धितोपत्र बजार सम्बन्धी राय सुझाव नेपाल राष्ट्र बैंकलाई पेश गरिएको । |
| ४३ | बोर्डको वार्षिक कार्यक्रम तयार गर्ने तथा सो अनुसार भए गरेका काम कारवाहीहरुको प्रत्येक चौमासिक अवधिमा पुनरावलोकन गर्ने । | आर्थिक वर्ष २०७३।७४ को बोर्डको कार्यक्रम तयार गरी सो अनुसार प्रथम र दोस्रो चौमासिक अवधिमा भएका कामकारवाहीहरुको पुनरावलोकन गरिसकिएको साथै वार्षिक तथा अन्तिम चौमासिक अवधिमा भएका काम कारवाहीहरुको पुनरावलोकन कार्य भैरहेको । |
| ४४ | पुंजी बजार सम्बन्धी विभिन्न सूचना तथा जानकारीहरु प्रवाह गर्न देहाय बमोजिमका सूचनामूलक सामाग्रीहरुको प्रकाशन गर्ने:<br>(क) बोर्डको वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली)<br>(ख) धितोपत्र सम्बन्धी कानुन संग्रह (आवश्यकतानुसार परिमार्जन गरी)<br>(ग) सेबोन जर्नल (वार्षिक रुपमा)<br>(घ) सेबोन न्यूजलेटर (चौमासिक रुपमा) | (क) आर्थिक वर्ष २०७२।७३ को बोर्डको वार्षिक प्रतिवेदन प्रकाशन गरिएको ।<br>(ख) साविकको सेबोन न्यूजलेटरको नाम परिवर्तन गरी चालु आर्थिक वर्षको प्रथम छ महिनाको धितोपत्र बजार गतिविधिहरु समावेश गरी नेपाल धितोपत्र बोर्ड समाचार को रुपमा अङ्क १० प्रकाशन गरिएको ।<br>(ग) रजतजयन्तीको अवसरमा वर्ष भरि सञ्चालन गरिने कार्यक्रम अर्न्तगत पारेर सेबोन जर्नल आर्थिक वर्ष २०७४।७५ मा प्रकाशन गर्ने योजना रहेको । |
| ४५ | पुंजीबजार सम्बन्धी नीति निर्माणमा सहयोग हुने उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी तथा अध्ययन भ्रमण कार्यक्रमहरुमा बोर्डका पदाधिकारीहरुलाई र पुंजीबजार सम्बन्धी शीप तथा दक्षता अभिवृद्धिका लागि बोर्डका कर्मचारीहरुलाई उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा सेमिनार कार्यक्रमहरुमा सहभागी गराउने । | विषयसँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई उपयुक्त अन्तर्राष्ट्रिय स्तरको तालिम तथा सेमिनार कार्यक्रमहरुमा सहभागी गराउँदै आएको । |

| क्र.सं | वार्षिक कार्यक्रम | वार्षिक कार्यक्रमको प्रगति विवरण |
|---|---|---|
| ४६ | धितोपत्र बजार सम्बन्धी जानकारी तथा चेतनामूलक सामग्रीहरु (पम्पलेट, लिफलेट, डकुमेन्ट्री आदि) मार्फत प्रचार प्रसार गर्ने र बोर्डबाट बजार विकास तथा सुधार सम्बन्धमा भएको पहल तथा काम कारवाहीहरुको सम्बन्धमा पत्रकार भेटघाट कार्यक्रम मार्फत सार्वजनिक गर्ने । | • धितोपत्र बजार सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु (FAQ) को प्रकाशन गरि वितरण गरिएको ।<br>• आ. व. २०७३।७४ मा विभिन्न समय गरी ३ पटक गरिएको । |
| ४७ | पुंजीबजार सम्बन्धी सूचनाहरु प्रभावकारी ढंगले संप्रेशण गर्न बोर्डको webpage लाई बढी सूचनामूलक तथा स्तरीय बनाई User Friendly बनाउने । | यस सन्दर्भमा बोर्डको webpage लाई थप स्तरीय र सुचनामुलक बनाउदै लगिएको । |
| ४८ | पुंजीबजारमा सरोकार राख्ने नेप्से, सिडिएससी, धितोपत्र व्यबसायीका कर्मचारीहरुको व्यावसायीक क्षमता अभिवृद्धि गर्न समसामयिक बिषयमा वोर्ड आफैंले वा अन्य विज्ञ/विज्ञ संस्था मार्फत तालिम प्रदान गर्ने । | सम्पति शुद्धीकरण निवारण तथा आस्वा प्रणाली लगायतका पुँजी बजारका समसामयिक विषयहरुमा सम्बन्धित सरोकारवाला पक्षहरुलाई जानकारी प्रदान गरिएको । |

* * *

**नेपाल धितोपत्र बोर्ड**

नीति, अनुसन्धान तथा योजना महाशाखा

सुपरिवेक्षण तथा अनुसन्धान विभाग

पो.ब.नं. २०३१, जावलाखेल, ललितपुर

फोन: ०१-५५४१०५७, ५०००१०२/१६२/१०२/२०१/१०७

फ्याक्स: ९७७-१-५५४१०५८

ई-मेल: support@sebon.gov.np

वेबसाइट: www.sebon.gov.np

टोल फ्री नं.: १६६०-०१-४४४३३